सम्भावित आक्रमणको प्रतिरोधको तयारीमा... पृष्ठ ६ मा



जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

वर्ष २६ •अंक ७८ • २०८१ साल साउन २१ गते सोमबार (5 August, Monday, 2024) •पृष्ठ ८ •मूल्य रु. ५।-


## मधेश सरकारद्वारा प्रतिष्ठानका अध्यक्षसंग स्पष्टीकरण माग

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडिसंग स्पष्टीकरण माग गरेको छ ।

शिक्षा तथा संस्कृति मन्त्रालयले आइतबार प्रतिष्ठानका अध्यक्ष कापडिलाई सांगीतिक क्षेत्रका साधक गुरुदेव कामतको पारिश्रमिक वापतको रकम उपलब्ध नगराएको भन्ने विषयमा विभिन्न किसिमको टिकाटिप्पणी भइरहेको भन्दै उनीसंग स्पष्टीकरण माग गरेको जनाइएको छ ।

विभिन्न सञ्चारमाध्यममा समेत पारिश्रमिक वापतको एक लाख रुपैयाँ र सो प्रतिष्ठानको क्यालेन्डरमा स्व.कामतले गरेको गायन प्रस्तुतिको फोटोसँगै भिडियोसमेत देखिएकाले सोबारे मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको जनाउँदै अध्यक्ष कापडिसंग लिखित जवाफसहितको कागजात र स्व. कामतको सम्बन्धमा कस्तो खाले समाधानका लागि के के गरिएको भन्दै मन्त्रालयलाई दुई भित्रमा जानकारी गराउन प्रतिष्ठानलाई मन्त्रालयले पत्राचार गरेको छ ।



मधेश प्रदेश सरकार
शिक्षा तथा संस्कृति मन्त्रालय
जनकपुरधाम, धनुषा नेपाल।

प.सं. २०८१/०८२
च.नं. ६५

मिति:२०८१/०४/२० गते

श्री मधेश प्रज्ञा प्रतिष्ठान,
जनकपुरधाम।

विषय: लिखित जवाफ तथा कागजात पेश गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा मधेश प्रदेशका स्रष्टा स्व. गुरुदेव कामतले मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष रामभरोस कापडीले काम गराई ज्याला वापतको रु १ लाख नदिएको भिडियो सार्वजनिक भएको र विभिन्न मिडियाहरुमा समेत उक्त समाचार छापिएको र मधेश प्रज्ञा प्रतिष्ठानको क्यालेन्डरमा पनि स्व. गुरुदेव कामतले गरेको प्रस्तुतिको फोटो र भिडियो समेत देखिएको हुँदा सो विषयमा यस शिक्षा तथा संस्कृति मन्त्रालयको गम्भिर ध्यानाकर्षण भएको छ। सो सम्बन्धमा के कस्तो भएको हो? समाधानको लागि के के गरियो? भन्ने विषयमा सत्य तथ्य जानकारी गराउनुको साथै उक्त कार्यक्रम संग सम्बन्धित सम्पूर्ण कागजात यस मन्त्रालयमा मिति २०८१/०४/२२ गते भित्र पेश गर्न मिति २०८१/०४/२० गतेको माननीय मन्त्री स्तरीय निर्णयानुसार अनुरोध छ।

बोधार्थ:
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, जनकपुरधाम।

मन्त्रीस्तरीय बैठकबाट गरिएको निर्णय अनुसार आइतबार लेखिएको पत्रमा दुई दिनभित्र स्व.कामतको पारिश्रमिक वापतको विषयमा मन्त्रालयले लिखित जवाफसहित समाधानका लागि गरिएको प्रयासबारेसमेत चासो राख्दै अध्यक्ष कापडिलाई पत्राचार गरिएको छ ।

यसैबीच साधक गुरुदेव कामतलाई पारिश्रमिक नदिएको भन्ने विवाद चुलिएकै अवस्थामा तत्कालीन मधेश प्रज्ञा प्रतिष्ठानका सदस्य गोपाल ठाकुरले पनि प्रतिष्ठानका अध्यक्ष कापडिले आफ्नो आवास सुविधा वापतको खर्चस्वरुप रकम उपलब्ध नगराएको आरोप लगाएका छन् ।

उनले पटक पटक अध्यक्ष कापडिलाई आफ्नो आवाससहितको सुविधाको रकम उपलब्ध गराउनलाई अनुरोध गर्दा पनि बेवास्ता गरेको बताए ।

पूर्व सदस्य ठाकुरले सामाजिक सञ्जालमा एक व्यक्तिसंग गरिएको कुराकानीको संक्षिप्त अंश भाइरल भएको छ ।

भाइरल भएको सो कुराकानीको अंश अनुसार अध्यक्ष कापडिले सुरुदेखि नै बेवास्ता गरेको आरोप लगाउँदै आर्थिक वर्षको अन्त्यतर्फ आएर आफूलाई आवाससहितको सुविधा व्यवस्था रहेको रकम नै फ्रिज भएको जनाएपछि आफू आश्चर्यचकित भएको प्रतिक्रिया दिएका छन् ।

उनले एकातर्फ प्रतिष्ठानको पदाधिकारीको सुविधा नभेटिएको र अर्कोतर्फ बजेट फ्रिज भएको भन्ने कुरालाई के भन्ने भन्दै प्रश्नसमेत गरेका छन् ।

यसरी अध्यक्ष कापडिले निधन भएका साधक कामतदेखि अहिले भाषा आयोगका अध्यक्ष रहेका ठाकुरसम्मलाई ठगी गर्नमा छाडेका छैनन् ।

अध्यक्ष कापडिले गरेका विभिन्न कर्तुतहरु विस्तारै विस्तारै सार्वजनिक भइरहेको बेला मन्त्रालयले लिखित स्पष्टीकरण माग गरेपछि यसले विभिन्न शंका उपशंकाहरुसमेत उब्जाएको बजारमा चर्चा छ ।

### २०७९/०८० को छानबिन प्रतिवेदन प्रदेशसभामा पेश

## सशर्त र विशेष अनुदानमा अनियमितता भएको निष्कर्ष

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० मा वितरण गरेको सशर्त र विशेष अनुदानमा अनियमितता भएको निष्कर्षसहित संसदीय विशेष छानबिन समितिले बुझाएको प्रतिवेदन प्रदेशसभामा छलफलका लागि पेश भएको छ ।

तत्कालीन जनता समाजवादी पार्टी( जसपा)नेपाल नेतृत्वको मधेश प्रदेश सरकारले आर्थिक वर्ष २०७९/०८० मा स्थानीय तहलाई उपलब्ध गराएको सशर्त र विशेष अनुदानमा अनियमितता भएको समितिले औल्याएको प्रतिवेदन जेठ महिनामा नै सभामुख रामचन्द्र मण्डललाई हस्तान्तरण गरेको थियो ।

प्रदेशसभामा पेश भएको २२ पृष्ठ लामो प्रतिवेदनमा समितिले उद्योग, पर्यटन मन्त्रालयबाट भएको रकमान्तर र अर्थ मन्त्रालयले माग पत्र दर्ता समेत नभएको शीर्षकमा बजेट उपलब्ध गराइएको उल्लेख गरिएको छ ।

समितिका संयोजक उपेन्द्र महतो नेतृत्वको समितिले निर्धारित समयभन्दा झण्डै ६ महिना ढिला प्रतिवेदन बुझाएको थियो ।

पूर्ण विवरण सार्वजनिक गरिएको प्रतिवेदनमा अर्थ मन्त्रालयमा दर्ता नै नभइ रकमान्तर सम्बन्धी निर्णय भएको उल्लेख छ । अर्थ मन्त्रालयमा दर्ता हुनु अधिको मितिमा नै निर्णय भइसकेको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

अर्थ मन्त्रालयले निर्णय नै नगरिकन सशर्त अनुदानको रकम कतिपय स्थानीय तहहरुमा पठाएको र कतिपय स्थानीय तहहरुलाई निर्णय गरेका योजनाहरुमा समेत बजेट उपलब्ध नगराइएको प्रतिवेदनमा औल्याइएको छ ।



उपेन्द्र महतो
संयोजक

संजयकुमार यादव
पूर्व अर्थमन्त्री

आर्थिक वर्षको अन्तिम महिनामा समेत अर्थ मन्त्रालयले बजेट रकमान्तर भएको उल्लेख गरिएको प्रतिवेदनमा अर्थ मन्त्रालयले अनुदान वितरणको लागि तर्जुमा गरेको विशेष अनुदान सम्बन्धी कार्यविधि र सशर्त अनुदान सम्बन्धी कार्यविधिको उल्लंघन गरेको औल्याइएको छ ।

सशर्त अनुदान वितरणमा प्रदेश सरकारबाट स्थानीय तहहरूलाई असन्तुलित रकम हस्तान्तरण गर्नुले वित्तीय संघीयता कमजोर हुनुका साथै प्रदेशका स्थानीय तहहरुको सन्तुलित एवम् समन्यायिक विकासमा बाधा पु-याएको प्रतिवेदनमा भनिएको छ ।

स्थानीय तहहरुलाई प्रदान गरिएको सशर्त र विशेष अनुदान कार्यविधिलाई मिचेर तोकिएको रकमको सीमाभन्दा कम रकम विनियोजन गरेको र कतिपय स्थानीय तहहरुले पत्र पठाएर सशर्त अनुदान माग गर्दा समेत अर्थ मन्त्रालयले सशर्त अनुदान उपलब्ध नगराएको समितिले औल्याएको छ। कतिपय स्थानीय तहहरुले माग गरेको अनुदान कार्यक्रम/योजनाभन्दा भिन्न शीर्षकमा अनुदान अर्थमन्त्रालयले पठाएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

आर्थिक वर्षको बीचमा नयाँ योजना तथा कार्यक्रम मन्त्रालयले स्वीकृत गरी थप बजेट माग गर्ने परिपाटी बजेटको सिद्धान्त विपरीत भएको प्रतिवेदनमा उल्लेख गरिएको छ ।

समितिले मन्त्रालयहरुले निर्धारित अधिकार क्षेत्रभन्दा बाहिर गएर प्रतिष्ठान, आयोग र बोर्डहरुलाई रकमान्तर गरी अनियमित ढंगले रकम दुरुपयोग गरेको प्रतिवेदनमा उल्लेख गरेको छ ।


तत्कालीन उद्योग, पर्यटन तथा वन मन्त्रालयमा निजी सचिवालयको लेटर प्याडमा भएको पत्राचारको आधारमा अर्थमन्त्रालयले बजेट रकमान्तर गरेको प्रतिवेदनमा उल्लेख गरिएको छ । प्रतिवेदनमा निजी लेटरप्याडको दुरुपयोग भएको औल्याइएको छ ।

प्रदेशसभामा पेश भएको प्रतिवेदन उपर छलफल हुने बताइएको छ । प्रदेशसभाले प्रतिवेदनलाई पारित गर्ने बलियो सम्भावना छ । प्रदेशसभामा प्रमुख प्रतिपक्षमा रहेको जनता समाजवादी पाटी( जसपा)नेपालका तत्कालीन अर्थमन्त्री सञ्जय कुमार यादव र माओवादी केन्द्रबाट उद्योग, पर्यटन मन्त्री रहेकी सुनिता यादवलाई समितिले छानबिनको केन्द्रमा राखेको छ ।

मधेश प्रदेशमा सरकार परिवर्तन भएसँगै समितिले बुझाएको प्रतिवेदन प्रदेश सभाबाट अनुमोदन भए कारबाहीको प्रक्रिया अगाडि बढाइने उच्च स्रोतले जनाएको छ । स्रोतका अनुसार समितिले औल्याएको कमी कमजोरीहरुलाई आधार बनाएर आवश्यक कारबाहीका लागि प्रदेशसभाले अनुमोदित प्रतिवेदन मधेश प्रदेश सरकारलाई पठाउने छ ।

सो प्रतिवेदनको आधारमा प्रदेशसभा अथवा प्रदेश सरकारलाई कारबाही गर्ने अधिकार नभएकाले अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मधेश प्रदेश कार्यालयमा सरकारले सिफारिस गर्ने स्रोतले जनाएको छ ।



# सरकारले बजार छाडा छोड्दा कमसल विद्युतीय तार छ्याप्छ्याप्ती

काठमाण्डु । घरायसी होस् वा व्यावसायिक संरचना निर्माण गर्दा आवश्यक पर्ने सिमेन्ट, डन्डी, रङदेखि इन्टेरियर कस्तो बनाउने भनेर धेरै मेहेनत गरेर विभिन्न ‘चोइस’ हेर्छौं। आफूलाई मनपर्नेभन्दा पनि किफायती र गुणस्तरमा बढी ध्यान दिने गर्छौं।

तर कुनै पनि संरचनाका निर्माण गर्दा सबैभन्दा महत्त्वपूर्ण काम ‘इलेक्ट्रिकल’ हो भन्नेमा ध्यान केन्द्रित गर्दैनौं। अझ सरकारले बजारलाई छाडा छोड्दा गुणस्तरहीन विद्युतीय तार बजारमा छ्यापछ्याप्ती भेटिन्छन्। गुणस्तरहीन तारको प्रयोगले धनजनको ठूलो क्षतिसमेत भइरहेको छ।गत असोजमा मात्रै जनकपुरधामको



विद्युतीय तार बिक्री भइरहेको छ।

कडाइका साथ अनुगमन र कारवाही नहुँदा कानुनअनुसार बजारमा सक्रिय कम्पनी मारमा परेका छन्। किनकि गुणस्तरहीन ब्राण्डहरू ल्यायो बेलुकासम्म बिग्री हाल्छ चल्यो भने लामै जान्छ। यसको भर हुँदैन। यस्ता तारले जोखिम बढाइरहेको छ। सस्तोमा बेच्ने नाममा बजारमा गुणस्तरहीन प्रडक्ट पठाउने गरिएको छ। यसले गुणस्तरमा भने छैनन्।

भन्सार विन्दुमै त्यस्ता तारको अनुगमन हुनुपर्नेमा त्यो भएको छैन। मापदण्ड अनुकूल तार उत्पादन गरिरहेका कम्पनीको मूल्य नगर्नेको भन्दा १५ प्रतिशत बढी पर्ने गर्छ।‘भारतीयले भारतबाटै ल्याउँछन्। चिनियाँले चीनबाटै ल्याउँछन्। अरु देशका कन्ट्र्याक्टरले आफूखुसी ल्याउँछन्। विदेशको भन्दा राम्रो र गुणस्तरीय सामग्री हामीले उत्पादन गरिरहेका छौं। यो देख्दा हामीलाई साह्रै पीडा हुन्छ। तर स्वदेशी उद्योगको सामग्री उपयोग गराउन सरकारले कदम चाल्न सकेको छैन। नेपालमै बनेको प्रडक्ट उपयोग गर्न अनिवार्य गर्ने हो भने निर्माण लागत नै घटाउन सहयोग पुग्छ। विदेशको भन्दा राम्रो र सस्तोमा हामी दिन सक्छौं,’ मिश्रले भने।

नेपालका सबै तार उत्पादन गर्ने उद्योगहरूले नेपालको समग्र माग पूरा गर्न सक्ने भएपनि अहिले १० प्रतिशत मात्रै खपत भएर बाँकी ९० प्रतिशत आयात भइरहेको उनले जानकारी दिए। घरायसी वायरिङका लागि सरकारले केही बन्देज लगाएकाले त्यसमा यो आकडा लागू हुँदैन। तर प्रसारणलाइन, वितरण लाइन, भूमिगत तार, सबस्टेसनमा प्रयोग हुने तारहरू नेपाल आत्मनिर्भर भएपनि विदेशबाट आइरहेको छ। स्वदेशी उद्योगले नै मागअनुसार यस्ता तार आपूर्ति गर्न सक्ने भएपनि विद्युत प्राधिकरणसहितले विदेशबाटै ल्याइरहेका छन्। रासस

**गुणस्तरहीन तारले बजारमा कब्जा जमाइरहँदा नेपालको जलविद्युत निर्माणका विभिन्न काममा ठेक्का हात पारेका विदेशी कम्पनीहरूले समेत नेपालमै उत्पादन गरिएका तार उपयोग गर्न अनिवार्य गर्नुपर्ने मिश्र बताउँछन्।**

बिगमार्टमा अचानक आगलागी भयो। जसका कारण करोडौं मूल्यका मालवस्तु नष्ट भए। उक्त आगलागीको कारणसमेत कमसल विद्युतीय तारका कारण भएको पत्ता लाग्यो।

बजारमा भेटिने न्यून गुणस्तरका तारको प्रयोग गरेकै कारण आगलागी भएको पुष्टि भएसँगै पीडित क्षतिपूर्ति पाउनुपर्ने भन्दै भौतारिरहेका छन्। देशका अन्य स्थानमा भएका आगलागीका घटनामा पनि सर्ट सर्किट मुख्य कारण रहँदै आएको छ।गुणस्तरीय तार उत्पादन गर्ने कम्पनीको तुलनामा सस्तोमा गुणस्तरहीन तार उपभोक्ताले प्रयोग गर्नुपर्ने बाध्यता छ। उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मातहतको नेपाल गुणस्तर तथा नापतौल विभागले नेपाल गुणस्तर चिन्ह प्रदान गर्छ। तर, बजारमा गुणस्तर चिन्ह नपाएका एकदमै कमसल गुणस्तरीयभन्दा सस्तोमा बिक्री भइरहेका छन्।अहिले नेपाली बजारमा विभिन्न २०/२५ वटा विद्युतीय तारका ब्राण्ड भेटिन्छन्। ‘क्वालिटीमा कम्प्रमाइज’ गर्ने केही ब्राण्डकै कारण गुणस्तरीय तार उद्योग समस्यामा परेका हुन्।

पसलमा जे भेटिन्छ त्यही किन्ने बानीले भविष्यमा गुणस्तरहीन तारले निम्त्याउन सक्ने जोखिमबारे उपभोक्ता अनविज्ञ छन्। त्यस्ता तार प्रयोगले सर्ट सर्किट भएर आफूले मेहेनत गरेर बनाएको सबै संरचना ध्वस्त हुन सक्ने तर्फ सचेत हुन आवश्यक छ।विद्युतीय तारका विभिन्न प्रडक्ट उत्पादन गरिरहेको लिटमस इन्डस्ट्रिजका उपाध्यक्ष सरोज मिश्रले आफूहरूले गुणस्तरमा सम्झौता नगरेकाले प्रडक्ट केही महँगो भएको बताए। तर गुणस्तहीन तारकै कारण आफूहरूले बजारमा स्वस्थ प्रतिस्पर्धा गर्न नपाएको उनको भनाइ छ।

‘चले तो चान्द तक, नाचले तो साम तक अर्थात् बिहान किनेर विश्वास राख्ने हामीजस्ता स्वदेशी कम्पनीलाई मर्का पारिरहेको छ। सरकारका नियामक निकायहरूले बजारबाट यस्ता प्रडक्टलाई हटाउन भूमिका खेल्नुपर्छ,’ मिश्रले भने।

गुणस्तरहीन तारले बजारमा कब्जा जमाइरहँदा नेपालको जलविद्युत निर्माणका विभिन्न काममा ठेक्का हात पारेका विदेशी कम्पनीहरूले समेत नेपालमै उत्पादन गरिएका तार उपयोग गर्न अनिवार्य गर्नुपर्ने मिश्र बताउँछन्। विदेशी कम्पनीहरूले आफूलाई आवश्यक पर्ने विद्युतीय तार नेपालमै उत्पादन हुने भएपनि विदेशबाटै ल्याउने गरेका छन्। जसका कारण नेपाली उद्योगहरूको बजार फस्टाउन सकेको छैन।सरकारले नेपाली बजारमा बिक्री हुने विद्युतीय तारका लागि नेपाल गुणस्तर मापदण्ड तोकेको छ। तर यसरी आयोजनाका लागि भन्दै भित्रिने तारले त्यो मापदण्ड पालना गरेका

# दण्डीबमले गरे शिव आराधना

महोत्तरी। मुलुककै ‘बाबाधाम’ र ‘मधेसको कैलाश’ पनि भनिने महोत्तरीको टुटेश्वरस्थित टुटेश्वरनाथ महादेव मन्दिरमा आइतबार दण्डीबमले दर्शन, पूजाआराधना गर्दै जल, गाईको दूध र बेलपत्र चढाएका छन् ।



यात्राको पाँचौं दिन आज बिहान टुटेश्वरधाम पुगेर दण्डीबमले शिव दर्शन र पूजाआराधना गरेका हुन् । पसँदै गरिने यो यात्रा दण्डीबमले १८ किमी दूरीको माण्डवीगङ्गा (मडहा), वरुणमती (बेलगाछी) र स्वर्णमती (सोनी) नदीको त्रिवेणी सङ्गमबाट सुरु गरेका थिए ।

इष्टदेव रिझाउन श्रद्धालु भक्तजनले पसँदै कठोर यात्रा गर्ने चलन छ । त्रिवेणीमा जल भरेर यात्रा सङ्कल्प गरेपछि भक्तले यात्रा थालेका हुन् । यो यात्रामा एकपटक पसँदा (लम्पसार पर्दा) हातले जति दूरीमा रेखा खिच्न भ्याइन्छ अर्को पटक त्यही रेखामा लम्पसार परेर अघि बढ्नुपर्ने मान्यता छ । बाटोमा नित्यक्रिया, विश्राम वा खानपिन गर्नुपर्दा यी काम सकेर फेरि पस्रेर लगाइएको चिनोबाट अघिल्लो यात्रा सुरु गरिन्छ । दण्डीबमले बाटोमा चार रात बिताएर आज पाँचौं दिन औंसी तिथि पारेर बिहान सभाप्रहरभित्रै शिव दर्शन गरेका हुन् । शिवदर्शन प्रयोजनले यसरी पस्रेर गरिने यात्रालाई ‘दण्डी’ र यात्रीलाई ‘दण्डीबम’ भनिन्छ ।

टुटेश्वरधाममा दण्डीबमको यात्रा थालिएको ३४ वर्ष भएको छ । विसं २०४८ साउन १७ गते गौशाला-४ का वासुदेव महतो र ठगा साहले यो यात्रा थाल्नुभएको थियो । ठगा साहले केही वर्ष गरेर यात्रा बिराम गरे पनि महतोले भने अझै जारी राख्नुभएको छ । यो भक्ति र समर्पणको यात्राले सबैकुरा ईश्वरमा अर्पण गर्न प्रेरित गर्छ । शरीरलाई कष्ट हुने भए पनि यात्री यो आनन्ददायक रहेको भक्तजन बताउँछन् ।

छलकपट, इर्ष्याद्वेष र लालच त्यागेर प्राणीजगतलाई आफ्नो सामर्थ्यले भ्याएको सेवा गर्न प्रेरित गर्ने यो यात्रा अलौकिक भएको प्रथम यात्री महतोको भनाइ छ । पहिलो पटक दुई जनाले थालेको यो यात्रामा यसपाली ३० जना सहभागी भएका छन् । दण्डीबमले सहभागी बढाउँदै लैजान यसको प्रचारप्रसार र व्यवस्थापनका लागि दण्डी यात्रा सहयोग समिति नै बनाएका छन् । यस्ता यात्री कतिपय भाकल पूरा गर्न र कतिपय भक्ति तथा आनन्दको अभिष्ठ राखेर सहभागी भएका पाइएको छ । साउनमा गरिने यो अलौकिक यात्रामा दाताहरुले आवास, भोजन, पानी, सर्वत र अन्य आवश्यक सेवा जुटाउँदै आएका छन् ।

ट ु ट े श्व र ना थ स ँ ग जोडिएका रामायण र महाभारतकालीन जनश्रुति छन् । अघि रामायणकालमा राजा जनकका भाइ कुशध्वजकी छोरी माण्डवी यस क्षेत्रमा विहार गर्न सखीसहेलीका साथ आउने गरेकी यहाँका पाका मैथिल बताउँछन् । यसैगरी महाभारतकालीन द्वापरयुगमा वनबासका बेला अर्जुनले शिवजीको तपस्या गरी यसै ठाउँमा पाशुपतास्त्र प्राप्त गरी दिव्यास्त्रको ज्ञान लिन स्वर्ग गएका टुटेश्वरका ७० वर्षीय मोतिलाल गौतम बताउनुहुन्छ । यद्यपि पौराणिक कथा जोडिए पनि यो ठाउँको सोधखोज भने निकै पछि विसं २००२ देखि भएको पाइएको छ ।

विसं २००२ मा डिट्ठा गौरीनारायण गिरीले वन फँडानी गरी बस्ती बसाउने क्रममा यहाँ अति प्राचीन शिवलिङ्ग, पत्थर कुँदिएर बनेको बसाहासहित पुरातात्विक महत्वका सामग्री फेला परेको बताइएको छ । शिवलिङ्ग, बसाहा र अन्य पुरातात्विक महत्वका सामग्रीको अध्ययनबाट यसलाई संस्कृति अध्येताहरुले महाभारतकालीन भनेका छन् ।

पछिल्लो समयमा टुटेश्वरको विकासका लागि केन्द्र र मधेस प्रदेश सरकारले पहलकदमी लिएका छन् । यसपाली चालु आर्थिक वर्षमा केन्द्र र प्रदेश सरकारले रु एक करोड बढी रकम विनियोजन गरेका छन् । विनियोजित यो रकम यहाँको विकासका लागि विस्तृत परियोजना प्रस्ताव बनाउन र प्रस्तावअनुसारका पूर्वाधार निर्माणमा खर्च हुने मधेस प्रदेशको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका सचिव राजीव पोखरेल बताउनुहुन्छ ।रासस

## अमेरिका र क्यानडाका विश्वविद्यालयको अध्ययन सामग्रीमा छानियो ‘को-हजबेन्ड’

काठमाण्डु। नेपालको बहुपति प्रथाका बारेमा निर्माण गरिएको वृत्तचित्र फिल्म ‘को-हजबेन्ड’ (सहायक श्रीमान्)लाई अमेरिका र क्यानडाका विभिन्न क्याम्पस र विश्वविद्यालयमा अध्ययन सामग्रीका रुपमा पठनपाठनमा सहभागी गराउने भएका छन्। पत्रकार गणेश पाण्डेद्वारा निर्देशित ३५ मिनेटको सो वृत्तचित्र कर्णाली प्रदेशको हुम्लामा छायाङ्कन गरिएको हो।

सन् १९६८ मा अमेरिकामा स्थापित डकुमेन्ट्री एजुकेशनल रिसोर्सेसले अमेरिका र क्यानडाका क्याम्पस र विश्वविद्यालयमा सन्दर्भ सामग्रीका रुपमा पठनपाठनमा सहभागी गराउन लागेको हो ।रासस

# गाँजासहित महिला पक्राउ

टुडे समाचारदाता

बारा । बारामा लागूऔषधसहित एक महिला पक्राउ परेकी छन् ।

जिल्लाको पथलैयाबाट साढे ८ किलो लागूऔषध गाँजासहित बर्दिया मधुवन नगरपालिका-७ की २५ वर्षीया प्रियंका श्रेष्ठ रहेकी बारा प्रहरीले जनाएको छ ।

आइतबार बिहान प्रहरी चौकी पथलैया बाराबाट खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उप-महानगरपालिका-१ स्थित



आधाभार जंगलमा पिठ्यूँमा कालो झोला बोकी सडक छेउमा श्रेष्ठलाई उभिरहेको अवस्थामा फेला पारेको थियो । शंकास्पद लागेपछि उनले बोकेको झोला चेक जाँच गर्दा लुकाएर राखेको गाँजा फेला परेको प्रहरीको भनाइ छ ।

आरोपित श्रेष्ठलाई नियन्त्रणमा लिइ आवश्यक कानुनी प्रक्रिया अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

## क्याम्पसलाई सहयोग

टुडे समाचारदाता

मलंगवा। सर्लाहीको लालबन्दीस्थित जनज्योति बहुमुखी क्याम्पसमा अध्ययनरत दुई विद्यार्थीले क्याम्पसलाई सरसफाईसहित प्राथमिक उपचारका सामग्रीसमेत सहयोग गरेका छन् ।

क्याम्पसका विद्यार्थी आदित्य



महतो र सफल अधिकारीले क्याम्पसलाई डस्टबिन, सेनेटरी प्याड र डिटोल सहयोगस्वरुप प्रदान गरेका छन् ।

विद्यार्थीद्वय महतो र अधिकारीले संयुक्तरुपमा क्याम्पसलाई एक थान डष्टबिन, ६ प्याकेट सेनेटरी प्याड र दुई वटा भाँडासहितको डिटोल प्रदान गरेका छन् । सो सामग्री आइतबार क्याम्पस प्रमुख उमेश तिमल्सिनालाई सहयोगस्वरुप हस्तान्तरण गरेको जनाएको छ ।


# योजना निर्माण गर्दा गुणस्तरमा ध्यान दिन प्रधानमन्त्रीको निर्देशन

पाटन । प्रधानमन्त्री केपी शर्मा ओलीले योजना निर्माण गर्दा गुणस्तरमा ध्यान दिन विभाग र मातहतका कार्यालयलाई निर्देशन दिनुभएको छ ।

सडक विभागले शनिबारदेखि ललितपुर आयोजना गरेको आर्थिक वर्ष २०८०/८१ मा सञ्चालन गरेका कामको प्रगति समीक्षा गोष्ठीको समापनका अवसरमा अवसरमा आइतबार निर्देशन मन्तव्य राख्नुहुँदै उहाँले सडकको सुरक्षा र मानिसको सुरक्षा हुनेगरी चालु योजना सम्पन्न गर्न निर्देशन दिनुभएको हो ।

“मानिसलाई आवश्यक नै नहुने वन र भिरमा सडक खनेर कुनै फाइदा छैन, मानव बस्ती छुने र छोटो हुनेगरी सडक निर्माण गर्न आवश्यक छ, अनावश्यक ठाउँमा ‘ट्र्याक’ खोलेर उपयुक्त हुँदैन, भिरमा बाटो लगेर मानिसका लागि फाइदा हुँदैन, यसका लागि ध्यान दिन जरुरी छ”, प्रधानमन्त्री ओलीले ।

उहाँले राजनीतिक दबाबका आधारमा जनतालाई फाइदा नहुने



ठाउँमा सडक निर्माणमा ध्यान दिनु आवश्यक नभएको बताउनुभयो । “एउटै खालका योजना पटक-पटक बनाउने भन्ने हुँदैन, सडकको सुरक्षा र मानिसको सुरक्षा हुनेगरी काम गर्नु आवश्यक छ । वन विभागसँग समन्वय राखेर काम गर्नूहोला”, उहाँले भन्नुभयो ।

प्रधानमन्त्रीले योजनालाई आवधिक योजनामा वितरण गरेर काम गर्न उचित भएको उल्लेख गर्दै अन्तर मन्त्रालयबीच समन्वय गरेर परिणाम आउनेगरी काम काम गर्न सुझाव दिनुभयो । आफू पहिलो पटक प्रधानमन्त्री भएको समयमा पूर्वाधारको विकासमा जोड दिएको बताउनुहुँदै अहिले देशलाई दिगो र टिकाउ हुने पूर्वाधार निर्माणको आवश्यकता परेको उल्लेख गर्नुभयो । नेपाललाई पानीजहाज र रेलमार्गको सञ्जाल विस्तार गरेर अन्तरदेशीय र सहज यातायात सञ्चालनको योजना तर्जुमा गर्न आवश्यक रहेको उहाँको भनाइ थियो ।

प्रधानमन्त्रीले २०४६ सालपछि गरिएको निजीकरणले उपलब्धि दिन नसकेको बताउनुभयो । उहाँले ७० देखि ८० को दशक राजनीतिक प्रगतिको दशक मात्रै नभई आर्थिक प्रगतिको दशक पनि भएको बताउउनुभयो ।

त्यस अवसरमा भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहालले ९० वटाभन्दा बढी निकायका १९ वटा प्रतिवेदन पेस भएको बताउनुहुँदै रुग्ण ठेक्काको सन्दर्भमा एक महिनाभित्र प्रतिवेदन पेस गर्न मन्त्रालयका सचिवलाई निर्देशन दिएको जानकारी दिनुभयो ।रासस

## तपाईको आज

पण्डित : बम जी

| | |
|---|---|
| मेष | : शिक्षामा उन्नति । |
| वृष | : पारिवाहिक सुख । |
| मिथुन | : धन वृद्धि सञ्चय । |
| कर्कट | : प्रेम प्रसंग, मित्र सुख । |
| सिंह | : सुख समृद्धि हुने । |
| कन्या | : भ्रमण अवसर हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : वाद विवादबाट बच्नु । |
| धनु | : पुरस्कार प्राप्त लाभ । |
| मकर | : नयाँ कार्य हुने । |
| कुम्भ | : बौद्धिक क्षमता । |
| मीन | : प्रतिभा सम्पन्नता । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रो पाइन्छ ।


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |


### रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

### जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

### राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



मैथिल महिला परिषदको आयोजनामा राजविराजमा मधुश्रावणी पर्व मनाइएको छ। कार्यक्रममा मधुश्रावणी पर्वको गीत संगीत गायनका साथै कथा प्रतियोगीताको आयोजना पनि गरिएको थियो। *तस्विर : टुडे*

# वीरगञ्ज नाकाबाट हुने हवाई इन्धन र ग्यासको आयात घट्यो



पर्सा । मुलुकको प्रमुख व्यापारिक नाका वीरगञ्ज हुँदै आयात गरिने खाना पकाउने एलपिजी ग्यास र हवाई इनधनमा कमी आएको छ । गत आर्थिक वर्षमा वीरगञ्ज नाकाबाट खाना पकाउने ग्यासको आयातमा चार प्रतिशत र हवाई इन्धनको आयातमा ७१ प्रतिशतले कमी आएको हो ।

आव २०७९/८० मा वीरगञ्ज नाका प्रयोगगरी रु ३३ अर्ब १३ करोड बराबरको दुई लाख ९० हजार दुई सय ८७ मेट्रिकटन खाना पकाउने ग्यास आयात गरिएको बताउँदै वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले गत आवमा रु ३० अर्बको दुई लाख ६७ हजार ४८ मेट्रिकटन ग्यास आयात भएको जानकारी दिनुभयो । उहाँका अनुसार ११ हजार दुई सय ३८ मेट्रिकटन कम ग्यास अयात भएको हो ।

भन्सार कार्यालयले उपलब्ध गराएको तथ्याङ्कअनुसार अघिलो आवमा वीरगञ्ज नाकाबाट रु १७ अर्ब ३१ करोडको पाँच लाख ९७ हजार एक सय ४४ किलोलिटर(केल) हवाई इन्धन आयात भएकामा गत आवमा रु १८ अर्ब २१ करोडको एक लाख ७३ हजार चार सय ८४ केल आयात भएको छ । सूचना अधिकारी कर्णले खाना पकाउने ग्यास र हवाई इन्धनको आयातमा सङ्कुचन देखिए पनि नेपालमा सबैभन्दा बढी इन्धनका रुपमा उपयोग हुने डिजल र पेट्रोलको आयात भने बढेको बताउनुभयो ।रासस

# पर्सामा ९० प्रतिशत रोपाइँ सकियो



वीरगञ्ज । पर्सामा ९० प्रतिशत रोपाइँ सम्पन्न भएको छ। कृषि ज्ञान केन्द्रले यो वर्ष पर्याप्त पानी उपलब्ध भएकाले जिल्लामा ९० प्रतिशत रोपाइँ सकिएको जनाएको छ।

केन्द्रका प्रमुख कमलदेवप्रसाद कुशवाहाले पर्सामा धानको ब्याड राखेको ठाउँबाहेक अन्य स्थानमा रोपाइँ अन्तिम चरणमा पुगेको बताउनुभयो। “गत वर्षको तुलनामा जिल्लामा धान रोपाइँ धेरै भएको छ”, उहाँले भन्नुभयो, “यो वर्ष यहाँ पाँचदेखि सात प्रतिशतसम्म धान धेरै फल्ने अनुमान गरेका छौँ।”

केन्द्रका अनुसार हालसम्म पर्सामा ४२ हजार तीन सय ९२ हेक्टर क्षेत्रफलमा रोपाइँ भइसकेको छ। पर्सामा ४७ हजार एक सय तीन हेक्टरमा धानखेती हुने गरेको छ । गण्डक नहरबाट पनि समयमा नै पानी उपलब्ध भएकाले रोपाइँ सहज भएको हो । पर्सामा आव २०७८/७९ मा दुई लाख ३३ हजार एक सय ३५ मेट्रिक टन धान उत्पादन भएको थियो । यहाँका किसानले हरदिनाथ, सोनामन्सुली र सावित्री जातका धान रोप्दै आएका छन् ।रासस

# जन्मदेखि मृत्युकर्मका सबै सामान भारतीय बजारमै निर्भर !

वीरगञ्ज । वीरगञ्ज महानगरपालिका-१६ नगवाका रितेश कलवार वीरगञ्ज बजारमै उपलब्ध हुने खाद्यान्न तथा लत्ताकपडालगायतका वस्तु तथा सामान किनमेल गर्न नेपाल-भारत सीमावर्ती बजार रक्सौल नै धाउने गर्नुहुन्छ । उहाँ सकभर वीरगञ्ज आसपासको बजारमा किनमेल गर्न खासै रुचि देखाउनुहुन्न । “यहाँ त अपर्झट परेका बेला मात्रै हो सामान किन्ने”, उहाँले भन्नुभयो, “अरुबेला त रक्सौल नै जाने गर्छौं ।”

कलवारको काँधमा पाँच छोराछोरी पाल्ने जिम्मेवारी रहेको छ। उहाँले दैनिक ज्यालामजदूरी गरेर मासिक आम्दानी १० हजारभन्दा कम आम्दानी हुने भएकाले पनि सीमावर्ती बजारबाटै खाद्यान्नदेखि रासन खरिद गर्नुपर्ने बाध्यता रहेको बताउनुहुन्छ। उहाँ फुर्सद मिल्नेबित्तिकै पुरानो साइकल चढेरै भारतीय सीमावर्ती बजार रक्सौलमै गएर खाद्यान्न तथा अन्य सामान किनेर गर्जो टार्दै आइरहनुभएको छ । उहाँ मात्रै होइन, वीरगञ्ज महानगरपालिका-११ रानीघाटमा राधेश्याम पण्डित कुमाल आफ्नो परिवारका सदस्यलाई चाहिने समान सीमावर्ती बजारबाटै खरिद गर्ने बताउनुहुन्छ।

“रक्सौलमा भारु साढे ११ सयमा २६ किलोग्रामको रितुराज भन्ने चामल पाइन्छ”, उहाँले भन्नुभयो, “वीरगञ्ज बजारमा २५ किलाग्रामको नेपाली चामल किन्ने हो भने त रु २३ सयभन्दा धेरै मूल्यपर्ने गर्छ । त्यसैले पनि परिवारको गुजारा चलाउन भारतीय बजारमा नै जाने गर्छौं ।” कुमाल यहाँ आर्थिक अवस्था कमजोर हुने मात्रै होइन, धनाढ्य समुदायका मान्छे पनि आफ्नो जन्मदेखि मृत्यु संस्कारसम्मका सबै कर्म गर्न भारतीय बजारकै भर पर्छन्। “समाजका ठूला मान्छेको कुनै शुभकार्य भए पनि रक्सौल बजारबाटै समान झिकाउने गर्छन्”, उहाँले भन्नुभयो, “जन्मेदेखि मृत्युकर्मका सबै सामान उतैबाटै ल्याउने गरिन्छ।”

वीरगञ्ज आसपासका नेपाली जनताले भारतीय सीमाबर्ती बजारबाट घरायसी प्रयोजनको लागि ल्याउने खाद्यान्न तथा लत्ताकपडामा भन्सार कार्यालय प्रशासनले खासै रोकटोक गर्दै आइरहेको छैन। रक्सौल नाकाहुँदै वीरगञ्जतर्फ दैनिक हजारौं संख्यामा सर्वसाधारणले दैनिक उपभोग्य समान तथा खाद्यान्न ल्याउँदै गरेका दृश्य सामान्य जस्तै लाग्छन्।

भारतसँग सीमा जोडिएका नेपाली नागरिकको आयको स्रोत न्यून भएकाले पनि सीमावर्ती भारतीय बजारकै भरमा पर्ने गरेका छन् । राष्ट्रिय तथ्याङ्क कार्यालयले गत जेठ ९ मा सार्वजनिक गरेको आव २०८०/८१ को प्रादेशिक कुल गार्हस्थ्य उत्पादनसम्बन्धी प्रतिवेदनले पनि मधेश प्रदेशमा बसोबास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन आठ सय ९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ। जबकी राष्ट्रिय तहमा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन एक हजार चार सय ३४ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । यस हिसाबले बागमती र गण्डकी प्रदेशबाहेक अन्य प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन राष्ट्रिय औषतभन्दा कम रहेको देखिन्छ । आव २०८०/८१ मा प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन अमेरिकी डलरमा बागमती प्रदेशको दुई हजार चार सय ८४ छ। त्यस्तै गण्डकी प्रदेशको एक हजार पाँच सय ५७, कोशी प्रदेशका एक हजार ३ सय ३६, लुम्बिनी प्रदेशको एक हजार एक सय ५१, सुदुरपश्चिम प्रदेशको एक हजार एक सय ११, कर्णाली प्रदेशको एक हजार ६६ र मधेश प्रदेशको आठ सय ९२ अमेरिकी डलर हुने प्रारम्भिक अनुमान छ । औसतमा मधेश प्रदेशमा वसोवास गर्ने सर्वसाधारणले वार्षिक रु एक लाख २० हजार आम्दानी गर्छन् भन्न खोजेको हो।

अर्थशास्त्री दिपेन्द्रकुमार चौधरीले मधेशमा बसोवास गर्ने व्यक्तिको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादनमा निकै कम आम्दानी हुने देखाएकाले पनि सीमावर्ती बजारकै भर पर्नुपर्ने बाध्यता रहेको बताउँछन्। “यो प्रदेशमा बसोवास गर्ने सर्वसाधारणको आम्दानी निकै कम छ । आम्दानी कम भएसँगै सस्तो बजार खोज्नुपर्ने सीमावर्ती जनताको अर्को चुनौती हो” उहाँले भन्नुभयो,“सीमावर्ती क्षेत्रका जनताको जन्मदेखि मृत्यु कर्मसम्मका सबै सामान भारतीय बजारमै किनमेल गर्दै आइरहेका छन्।”



उहाँका अनुसार मधेश प्रदेशका आठ जिल्लाका ६० प्रतिशत जनता सीमावर्ती भारतीय बजारबाटै उपभोग्य समान खरिद गर्ने दाबी गर्नुहुन्छ। उहाँले उद्योगी व्यवसायीले पनि खुला सीमानाकाको फाइदा उठाउँदै अबैध रुटबाटै वस्तु तथा सामान भित्राउने गरेको दाबी गर्नुहुन्छ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवाल पनि राज्यको नीतिकै कारणले सीमाक्षेत्रका जनताको किनमेलको रोजाई स्वदेशी बजारभन्दा पनि सीमावर्ती भारतीय बजार नै हुने गरेको बताउनुहुन्छ । “भारतीय सीमावर्तीबजार रक्सौलभन्दा वीरगञ्जमा खाद्यान्नदेखि लत्ता कपडासम्म २० देखि ४० प्रतिशत महंगो छ,” उहाँले भन्नुभयो, “त्यसैले पनि सर्वसाधारण स्वदेशी बजारभन्दा पनि सीमावर्तीबजारमा नै झुम्मिने गर्छन।”

सङ्घका अनिलकुमार अग्रवालले भारत सरकारले वस्तु तथा सेवा कर (जिएसटी) कर तिरेको बिलबिजकलाई नेपालका भन्सार कार्यालयले मान्यता नदिने कारणले पनि अवैध ढङ्गले वस्तु तथा सामान भित्रिरहेको दाबी गर्नुहुन्छ। “भारतले जिएसटी जुन दररेट कायम गरेको छ। नेपाल सरकारले पनि त्यसैको दाँजोमा भन्सारको महशुल निर्धारण गर्ने हो भने अवैध च्यानलबाट हुने वस्तु तथा सामानको आयात ह्वात्तै घट्ने थियो,” उहाँले भन्नुभयो, “भन्सार विभागले अहिले पनि भन्सार मूल्याङ्कन पुस्तिकाबाटै वस्तु तथा सामानको मूल्य निर्धारण गरिरहेको छ । यही प्रावधानकै कारणले सीमावर्ती क्षेत्रमा अवैध चोरी पैठारी मौलाउँदै आइरहेको छ।”

अध्यक्ष अग्रवालले भारतमा कुनै समानमा १० प्रतिशत जिएसटी लगाइएको समान नेपाल भित्रिदा ४० प्रतिशतभन्दा धेरै मूल्य पर्ने भएकाले पनि सीमावर्ती क्षेत्रका पेशेवर ढङ्गले चोरी तस्करी हुदैँ आइरहेको बताउनुहुन्छ। “अवैध ढङ्गबाट भित्रिने मालवस्तुसँग राज्यलाई भन्सार महसुल तथा भ्याटसहितका कर तिरेर भित्रिने वैध वस्तु तथा सामान प्रतिस्पर्धा गर्नै नसक्ने अवस्था छ,” उहाँले भन्नुभयो, “अवैध च्यानलबाट भित्रिने समान नेपालका विभिन्न नाका हुँदै सहजै काठमाडौं पुगिरहेको छ।”

> अध्यक्ष अग्रवालले भारतमा कुनै समानमा १० प्रतिशत जिएसटी लगाइएको समान नेपाल भित्रिदा ४० प्रतिशतभन्दा धेरै मूल्य पर्ने भएकाले पनि सीमावर्ती क्षेत्रका पेशेवर ढङ्गले चोरी तस्करी हुदैँ आइरहेको बताउनुहुन्छ ।

अध्यक्ष अग्रवालले राज्यले करको दरमात्रै होइन दायरा बढाएर अवैध च्यानलबाट हुने आयातलाई रोक्नेतर्फ गम्भीर हुन जरुरी रहेको बताउनुभयो। वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी रघुलाल कर्णले सरकारले सीमावर्ती बजारबाट कानुनले तोकेकोभन्दा धेरै समान ल्याउनेलाई कारबाही गर्दै आइरहेको दाबी गर्नुभयो । “सीमावर्ती बजारबाट कानुनविपरीत समान ल्याउनेलाई सशस्त्र प्रहरी र नेपाल प्रहरीले आवश्यक निगरानी गर्दै कारबाही गर्दै आइरहनुभएको छ”, उहाँले भन्नुभयो, “पर्सामा एक सय सात किमी खुला सीमा नाका भएकाले घरायसी प्रयोजनको लागि ल्याउनेलाई पूर्ण रुपमा रोक लगाउन सकिरहेका छैनौं ।”

पर्सा प्रहरीले आव २०८०/८१ मा ५३ करोड ४७ लाख लाख मूल्य पर्ने भन्सार छली गरेर भित्राएका तथा बिलबिजक नभएको सामान बरामद गरेको छ । त्यति मात्रै होइन, सोही अवधिमा सशस्त्र प्रहरी बल नेपाल नम्बर १३ गण हेडक्वाटर पर्साले रु ३४ करोड २७ लाख ७८ हजार तीन सय ३३ मूल्य पर्ने बिलबिजक नभएका र भन्सार छली गरेका सामान बरामद गरेको छ। दुवै प्रहरी प्रशासनले रु ८७ करोड ७४ लाख मूल्य पर्ने अवैध वस्तु तथा सामान बरामद गरेका छन् । यी तथ्याङ्कले पनि सीमावर्ती क्षेत्रमा हुने चोरी तस्करी हुने कुरालाई पुष्टि गर्छ।

नेपाल-भारतबीचको १७ सय किलोमिटर खुला सीमा नाकाको फाइदा उठाउँदै अवैध रुट हुदै भन्सार छलीका सामान भित्रिरहेका छन्। अवैध रुटबाट सामान भित्रिरहेका राज्यले खर्बौं रुपैयाँ राजस्व गुमाइरहेको छ। अर्कोतर्फ राज्यले प्राप्त गर्ने राजस्व भने अपेक्षित रुपमा बढ्न पनि सकिरहेको छैन।

भन्सार विभागले देशकै सबैभन्दा ठूलो वीरगञ्ज भन्सार कार्यालयलाई आव २०८०/८१ मा रु दुई खर्ब ४५ अर्ब ८८ लाख ५० हजार ८१ हजार राजस्व सङ्कलन गर्ने दिएको थियो । तर सो कार्यालयले एक खर्ब ५७ अर्ब ४० करोड ३१ लख २८ हजार रुपैयाँभन्दा बढी राजस्व सङ्कलन गर्न सकेन। विभागले सुक्खा बन्दरगाह भन्सार कार्यालयलाई पनि गत आवमा रु ६५ अर्ब ९४ करोड एक लाख २२ हजार रकम राजस्व सङ्कलन गर्ने लक्ष्य दिएको थियो। तर सो कार्यालयले वार्षिक लक्ष्यको ७१ दशमलव ७५ प्रतिशत अर्थात रु ४७ अर्ब ३१ करोड एक लाख ९० हजार रकम राजस्व सङ्कलन गऱ्यो।

वीरगञ्ज भन्सार कार्यालयका प्रमुख भन्सार प्रशासक डिलाराम पन्थीले गत आवभन्दा १४ प्रतिशत आयात घटेकाले राजस्व सङ्कलन प्रत्यक्ष असर पारेको दाबी गर्नुहुन्छ । “गत आवमा सवारीसाधन र औद्योगिक कच्चापदार्थको आयात घटेसँगै लक्ष्यअनुसारको राजस्व उठ्न सकेन।”रासस


## सेवा निवृत कर्मचारी परिषद
### जनकपुरधाम (नेपाल)
## साधारण सभा सम्बन्धी सूचना

यस सेवा निवृत कर्मचारी परिषद को १७ (सत्रहम) साधारण सभा यही २०८१ साल भाद्र १ गते शनिवार विहान ८ बजे देखि श्री सितामाता सेवा सदन (पगला बाबा धर्मशाला) को सभाकक्षमा हुने भएकोले परिषद्को सम्पूर्ण सदस्य महानुभावहरुमा जानकारी हुन अनुरोध छ।

**अध्यक्ष**



## राजर्षिजनक विश्वविद्यालय
### डीनको कार्यालय
### जनकपुरधाम, धनुषा

## शैक्षिक सत्र २०८१/०८२ स्नातक तहमा प्रवेश परीक्षाको आवेदन फारम भर्ने सम्बन्धि सूचना

**प्रकाशित मिति : २०८१/०४/२१**

राजर्षिजनक विश्वविद्यालय “मानविकी तथा कानून संकाय”, “व्यवस्थापन संकाय” र “विज्ञान, प्रविधि तथा इन्जिनियरिंग संकाय” अन्तर्गत स्नातक तहमा विश्वविद्यालय क्याम्पस जनकपुरधामको लागि BCA, BALLB, BJMC, BBA, BDBM र BSc. CSIT, गौशाला इन्जिनियरिंग क्याम्पस, गौशाला, महोत्तरीको लागि BE Civil, महागढीमाई क्याम्पस, बरियारपुर, बाराकोलागि BCA र BIT तथा पण्डित मंगल कुमार उपाध्याय बहुमुखी क्याम्पस, गौर, रौतहटकोलागि BBA र BSc. Ag शैक्षिक कार्यक्रमहरुमा शैक्षिक सत्र २०८१/०८२ मा नयाँ भर्नाको प्रवेश परीक्षाका लागि ONLINE/OFFLINE आवेदन फारम आह्वान गरिएको छ।


| Faculty | Program | No. of Seat | Eligibility Condition for Admission |
|---|---|---|---|
| Humanities and Law | BCA | 40 | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | BALLB | 50 | |
| | Bachelor in Journalism and Mass Communication (BJMC) | 30 | |
| Management | BBA | 40 | +2 Level or Equivalent Degree with a minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |
| | Bachelor in Digital Business Management (BDBM) | 40 | |
| Science, Technology and Engineering | Bachelor of Information Technology (BIT) | 30 | +2 Level or Equivalent Degree pass in mathematics or computer science with minimum "C" grade and 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in others subjects. Or, three years Diploma in second division or equivalent from CTEVT with Mathematics or Computer Science. |
| | BE Civil | 48 | +2 Level or Equivalent Degree pass in Science stream (Physics, Chemistry, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 2 on the scale of 4 (equivalent grade C) having "D" grade in each subject. |
| | BSc. CSIT | 40 | |
| | BSc. Ag | 30 | +2 Level or Equivalent Degree pass in Science/Agriculture stream (Physics, Chemistry, Biology, Mathematics) with minimum of 45 percent in aggregate or CGPA 1.8 on the scale of 4 having "D" grade in each subject. |

**तपसिल :**

१. Online आवेदनका लागि apply.rju.edu.np
२. Offline आवेदनका लागि सम्बन्धित क्याम्पस वा डिनको कार्यालय, रामानन्दचौक, जनकपुरधाम।
३. **प्रवेश परीक्षा फारम वितरण तथा बुझाउने मिति** : २०८१/०४/२१ देखि २०८१/०५/१५ सम्म।
४. **आवेदन फारम शुल्क** : रु.१,०००/-(एक हजार मात्र)
५. **विलम्ब दस्तुर थप रु.५०० सहित बुझाउने मिति** : २०८१/०५/१६ देखि २०८१/०५/२१ सम्म।
६. आवेदन फारम शुल्क eSewa वा क्र.सं.१० मा उल्लिखित खातामा जम्मा गर्नु पर्नेछ।
७. **प्रवेश परीक्षा संचालन हुने मिति** : २०८१/०५/२७ (समय र स्थान प्रवेश पत्रमा उल्लेख गरिनेछ)।
८. **छात्रवृति सम्बन्धी व्यवस्था : राजर्षिजनक विश्वविद्यालय 'शैक्षिक कार्यक्रम संचालन कार्यविधि- २०८१' बमोजिम विश्वविद्यालयबाट ३०(तिस) प्रतिशत (१० प्रतिशत जेहेन्दार र २० प्रतिशत आरक्षित छात्रवृति प्रदान गर्ने व्यवस्था रहेको तथा आरक्षित समूहमा आवेदन फारम भर्ने विद्यार्थीहरूले आफुले भर्न चाहेको आरक्षित समूहमा अनिवार्य रूपले ☑ चिन्ह लगाई सम्बन्धित निकायको सिफारिस पेश/Upload गर्नु पर्नेछ।**
९. छात्रवृति सम्बन्धि कुनै कुरा बाझिएमा अन्तिम निर्णय विश्वविद्यालयको हुनेछ।
१०. **खाता नं.** :

| | | |
|---|---|---|
| RAJARSHI JANAK BISHWABIDYALAYA ANTARIKSHROT | ११२०१०५०२५६६४३ | नेपाल इन्भेस्टमेन्ट मेगा बैंक लि. |

**सम्पर्क** : डीनको कार्यालय (9807831319), विश्वविद्यालय क्याम्पस (9864041081, 9815789689), गौशाला (9854081147), बारा(9845094314), रौतहट (9860903009) तथा Online form (041590931), Email : info@rju.edu.np



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# अलपत्र छाडिएका काम पूरा गर

आर्थिक वर्ष २०८०/०८१ सम्पन्न भइसकेको छ । आर्थिक वर्ष २०८१/०८२ चलिरहेको छ । गत आर्थिक वर्षमा मधेश प्रदेश सरकारले स्वीकृत गरेका योजनाहरु मध्ये सरकारी निकायको उदासीनता र ठेकेदारहरुको मनपरीका कारण समयमा निर्माण सम्पन्न हुन सकेन । रातो किताबमा परेको बजेटको कार्यान्वयन समयमा नगरी आर्थिक वर्षको अन्त्यमा निर्माण प्रक्रिया प्रारम्भ गर्ने र योजना अलपत्र पार्ने काम विगतमा जस्तै गत वर्ष पनि भएको छ। ठेक्काको मापदण्ड समेत पूरा नभएको तर लागतको मूल्यांकन गरी भुक्तानी गरिएको छ । ठेकेदारले गरेको लगानी भन्दा बढी भुक्तानी लिएका छन् । तर आम नागरिकलाई घरबाट बाहिर निस्कन सास्ती भइरहेको छ । कालोपत्रेका लागि ठेक्का लगाइएको सडकमा ह्युमपाइप पनि पूरा जडान गरिएको छैन। सडकमा घरको मुख जोडिएका परिवारलाई घरबाट निस्कन गम्भीर समस्या छ। तर सम्बन्धित कार्यालयले ठेकेदारलाई पूरा रकम भुक्तानी गरेको छ । ठेक्काको शर्तमा उल्लेख गरिएको मापदण्ड समेत पालना गरिएको छैन। तर मिलेमतोमा रकम भुक्तानी भएको छ । सडक निर्माण नहुँदा नागरिकले सास्ती भोग्नु परेपनि ठेकेदारले मापदण्ड पूरा नै नगरी रकम भुक्तानी लिन सफल भएका छन्। यस्ता कार्यहरुको अनुगमन मधेश प्रदेश सरकारले गर्नु आवश्यक छ । प्रदेश सरकार बदनाम हुनुको प्रमुख कारण यस्ता गैरजिम्मेवारी कार्यहरु नै हो। सरकार मातहतको निकायले गलत ढंगले रकम भुक्तानी गर्दा समेत सरकार मौन बस्नुको मतलब अनियमिततामा संलग्नता हो । नागरिकको हित विपरीत भएको कामको सरकारले मूल्यांकन गर्नु आवश्यक छ। कर्मचारीले गलत ढंगबाट अधिक मूल्यांकन गरी ठेकेदारलाई भुक्तानी दिलाउने प्रक्रियामा संलग्न रहेकाहरुलाई कारबाहीको दायरामा ल्याउनु पर्छ। समयमा काम नहुँदा रकम भुक्तानी गरिने र कमिसनमा कुरा नमिल्दा भएका कामको समेत भुक्तानी रोकिने प्रवृत्तिको अन्त्य हुनुपर्छ। हरेक वर्ष मधेश प्रदेशमा एकै प्रकारको गडबडी देखिन्छ। प्रदेशको रातो किताबमा प्रकाशित योजनाहरु ठेक्का अथवा उपभोक्ता समितिबाट गराउनु पर्ने भए सोही बमोजिम अधिकतम माघ मसान्त भित्र ठेक्का अथवा उपभोक्ताका प्रक्रिया टुंग्याइसक्नु पर्छ। समयमै काम नगरी ठेकेदारले भुक्तानी पाए पनि अनाहकमा नागरिकले सास्ती भोग्नु परिरहेको छ। अलपत्र पारिएका त्यस्ता कामका लागि चालु आर्थिक वर्षमा बजेट बिनियोजन गरिएको छैन । गत वर्षमा पर्याप्त बजेट भए पनि समयमा काम हुन सकेन्। यस तर्फ सरकारले गंभीरतापूर्वक ध्यान दिनु आवश्यक छ।

# एमालेका नेता–कार्यकर्ताले गर्नुपर्ने २३ काम

आनन्दप्रसाद पोखरेल

नेकपा एमालेको ध्येय जनताका उपर्युक्त अपेक्षा र मुद्दाको सम्बोधनले मात्र पूरा हुँदैन। पार्टीलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनुपर्नेछ । यसका लागि संगठन शुद्धीकरण मुख्य आवश्यकता हो । २०८४ को निर्वाचनमा एकल बहुमतको सरकार निर्माण गरी संविधानतः जनताको राष्ट्रिय आकांक्षा विकास र समृद्धिको अभियानअघि बढाउनुपर्नेछ।

पार्टीको १०औँ राष्ट्रिय महाधिवेशनको राजनीतिक कार्यदिशा पूरा गर्नुछ। यसका लागि पार्टी कार्यकर्तामा देखिएका केही प्रवृत्तिगत कमजोरी हटाउन आवश्यक छ । पार्टीमा अहिले विभिन्न कमिटीमा बस्न मरिहत्ते गर्ने, कमिटी बैठकमा उपस्थिति जनाउने र सेल्फी खिचेर सामाजिक सञ्जालमा पोस्ट गर्ने प्रवृत्ति बढेको छ । पार्टी सदस्यता मुस्किलले नवीकरण गर्ने र नेताहरूलाई खुइल्याउने कार्यकर्ताको जमात बढ्दै गएको छ। पठन संस्कृतिको अभाव छ । 'लाइक माइन्डेड'का नाममा खानपिनको आवारा संस्कृति बढेको छ । व्यक्ति विशेषलाई धुरी मानी चल्ने र पार्टीको निर्देशन नमान्ने प्रवृत्ति बढेको छ।

गणितीय कार्य सम्पादन गर्ने 'एस' म्यानको कमिटी बनाउने र कमिटी जितेको गर्व गर्ने तरिकाले आजको राजनीतिक चुनौतीको सम्बोधन हुँदैन । प्रतिद्वन्द्वीलाई पराजित गरी श्रेष्ठता हासिल गर्नु आजको राजनीतिक कार्यभार हो। त्यसैले पार्टी कार्यकर्ता एमालेको र पार्टीको हुनु जरुरी छ । कमिटी पार्टीको हुनुपर्दछ । अराजक, पतनमुखी संस्कृति र दक्षिणपन्थी विसर्जनवादको सोच बोकेर व्यक्तिवादको जामा पहिरेर एमालेको राजनीतिक कार्यदिशा पूरा गर्न सकिँदैन । यसरी एमाले निर्णायक राष्ट्रिय शक्ति बन्दैन, पार्टी र कार्यकर्ता क्रान्तिकारी हुन सक्दैन ।

शुद्ध चित्त भएका अनुशासित क्रान्तिकारीहरुको पार्टी कमिटीले मात्र निर्धारण गरेको पार्टीको लक्ष्य भेट्न सक्छ। नेता तथा कार्यकर्ताले पार्टीको कामको महत्त्व बुझेर अगाडि बढ्नुपर्छ । हामीसँग सही नीति, नेतृत्व, कार्यक्रम, संगठन र सही संगठानात्मक सिद्धान्त छ, तर पनि किन पार्टीले लक्ष्य भेटाउन सकेको छैन ? हामीसँग लाखौँ पार्टी सदस्य र विशाल कार्यकर्ता पंक्ति छ, तर पनि हामीले पार्टीको ध्येय र उद्देश्य पूरा गर्न किन सकेनौँ ? किनभने हामीले निष्ठा, इमानदारिता र अनुशासनले पूर्ण कार्यकर्ता पंक्ति निर्माण गर्न सकेनौँ। कार्यकर्तालाई पार्टीको काम के हो भन्ने बुझाउन सकेनौँ ।

पार्टी कार्यकर्ताले पार्टीको काम भनेको कमिटीको पद धारण, नेतृत्वको सामीप्यता, कृत्रिम प्रतिवेदन र आशीर्वाद नै हो भन्ने बुझाइ राखेका छन् । केन्द्रीय पार्टी कार्यालय घुम्ने, नेतासँग फोटो खिच्ने र सामाजिक पोस्ट गर्ने– यसरी नै पार्टीमा प्रमोसन पाउन सकिन्छ भन्ने गलत बुझाइले प्रश्रय पाएको छ। जस कारण इमानदार पार्टी कार्यकर्ता कामबाट विमुख हुने स्थिति बनेको छ । नयाँ कार्यकर्ताले पार्टीको कामको महत्त्व फरक ढंगले बुझ्न पाएका छैनन् र पार्टीको काम ठिक ढंगले भएका छैनन् । त्यसैले यहाँ पार्टीका हरेक नेता तथा कार्यकर्ताले निष्ठा र इमानका साथ पार्टी र सांगठनिक जीवनमा सम्पादन गर्नुपर्ने कामलाई निम्नानुसार २३ बुँद्धामा चर्चा गर्ने प्रयास गरिएको छ।

### १) राजनीतिक काम

लोकतान्त्रिक प्रतिस्पर्धाबाट विपक्षलाई पराजित गरी श्रेष्ठता कायम गर्ने नीति बोकेको पार्टीले सबै नीतिको मूल नीति राजनीति हो भन्ने मान्यतालाई आत्मसात् गर्नुपर्छ। निर्वाचनबाट जनताको साथ लिएर सरकार निर्माण गरी विकास र समृद्धिको मूल मार्गमा अगाडि बढ्ने हो । कार्यनीतिका आधारमा निर्वाचन वर्ग संघर्षको मोर्चा हो, यसमा हार्नु हुँदैन । त्यसैले पार्टीका हरेक नेता-कार्यकर्ताले राजनीतिक कामलाई वर्गीय आन्दोलनका रूपमा बुझी लडाइँमा सधैँ जित्न तयारी हुनुपर्छ । सधैँ सक्रिय, सक्षम र लगनशील क्रियाशील हुनुपर्छ।

### २) वैचारिक क्षमता

राजनीतिमा दर्शन, विचार र वर्ग पक्षधरता महत्त्वपूर्ण पक्ष हो । राजनीतिक दलका हरेक नेता तथा कार्यकर्तामा स्पष्ट विचारका लागि प्रशिक्षण आवश्यक हुन्छ । त्यही विचारले राजनीतिलाई निर्देशित गर्नुपर्छ । एमालेका नेता तथा कार्यकर्ताले वैचारिक रूपमा मार्क्सवाद, लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज)को मार्गदर्शनलाई आत्मसात गर्दै अगाडि बढ्नुपर्छ । विचारको प्रस्टताले नै सबै खाले अराजकता र दक्षिणपन्थी अवसरवादलाई पराजित गर्न सक्छ।

### ३) संगठनको काम

नेकपा एमाले लेनिनवादी संगठनात्मक सिद्धान्तलाई पालन गर्ने पार्टी हो, जनआधारित कार्यकर्ता पार्टी हो । यस पार्टीले कमिटी प्रणालीलाई व्यवस्थित गर्दै संगठनको कामलाई महत्त्वपूर्ण रूपमा अघि बढाउनुपर्छ । कमिटीहरू दुरुस्त राख्ने, नियमित मिटिङ, सदस्यता विस्तार गर्ने, नवीकरण गर्ने र प्रशिक्षण गर्ने कामलाई निरन्तरता दिनुपर्छ । यस्तै अभिलेख राख्नेजस्ता काम महत्त्वपूर्ण ढंगले सम्पादन गर्नुपर्छ।

### ४) आर्थिक काम

कमिटीलाई परिचालन गर्न र विभिन्न सामाजिक, वैचारिक र राजनीतिक अभियान अघि बढाउन पार्टी कमिटीहरूलाई आर्थिक रूपमा बलियो बनाउन आवश्यक हुन्छ। त्यसका लागि लेबीको व्यवस्थापन, सदस्यता शुल्कको नियमितता, आर्थिक हिसाब-किताबको चुस्तता हुनुपर्छ। आवधिक लेखापरीक्षण गरी आर्थिक पारदर्शिता कायम राख्नुपर्छ।

### ५) पार्टी प्रचारको काम

पार्टी कामको महत्त्वपूर्ण अंग पार्टी प्रचार हो । सूचनाको युगमा प्रचारका सबै माध्यम डिजिटल लगायत सामाजिक सञ्जालको प्रयोगमा पार्टी कार्यकर्ता चनाखो र सिपालु हुनुपर्छ । कमिटीका निर्णयहरू सदस्यहरूमा पुऱ्याउन सूचना आदान-प्रदानको ज्यादै महत्त्व छ । त्यसका लागि प्रचारको काम महत्त्वपूर्ण हुन्छ। त्यसैले हरेक कमिटी र सदस्यले प्रचारको कामलाई व्यवस्थित र नियमित ढङ्गले अघि बढाउनुपर्छ । सामाजिक सञ्जालको प्रयोग गलत ढंगले हुने वर्तमान परिपाटीबाट पार्टी पंक्ति बच्नुपर्छ।

### ६) कार्यालय सञ्चालन

पार्टी गतिविधिलाई नियमित, संस्थागत र व्यवस्थित गर्न कार्यालयको संरचना तथा व्यवस्थापन महत्त्वपूर्ण हुन्छ । त्यसैले हरेक कमिटीले पार्टी कार्यालयको व्यवस्था गरी सञ्चालनलाई चुस्त र नियमित गर्नुपर्छ। सबै काम कार्यालयमार्फत चलाउनुपर्छ।

### ७) निर्वाचित जनप्रतिनिधि परिचालन

राजनीतिक कार्यदिशा पूरा गर्ने माध्यम निर्वाचित जनप्रतिनिधि हुन्। तिनै तहका जनप्रतिनिधि परिचालन पार्टीको सबैभन्दा महत्त्वपूर्ण काम हो । नागरिकको सेवा-सुविधा सुशासन कायम गर्ने काम जनप्रतिनिधिको हो। यो काम पार्टी कमिटीले गर्न सक्दैन । त्यसका लागि पार्टीको घोषणापत्र, मूलभूत सिद्धान्त र कार्ययोजनाको कार्यान्वयन पार्टीका तर्फबाट निर्वाचित जनप्रतिनिधिले गर्नुपर्छ। जनप्रतिनिधि पार्टी कार्यकर्ता हुन् भन्ने कुरा बिर्सनु हुँदैन। यसै आधारमा पार्टी र जनप्रतिनिधि परिचालित हुनुपर्छ।

### ८) जनसंगठन परिचालन

एमालेका कार्यकर्ता र सदस्यको मुहान भनेकै जनसंगठन हुन्। शक्तिको रूपमा विद्यार्थी, युवा, मजदुर, राष्ट्रसेवक, व्यवसायी, किसान, महिला, जनजाति, दलित लगायत सबै वर्ग, पेसा र तहको २३ जनसंगठन रहेका छन् । ती जनसंगठनलाई मूल नीति र उद्देश्य अनुसार परिचालन गर्नुपर्छ। समुदायलाई जनसंगठनमा आबद्ध गरी जनसरोकारका मुद्दा उठाई जनदबाब र जन संघर्षका लागि परिचालित गर्नुपर्छ।

### ९) जनसरोकारका मुद्दा उठाउने

पार्टी सरकारमा रहँदा होस् वा प्रतिपक्षमा रहँदा, हरेक अवस्थामा जनसरोकारका विभिन्न विषयलाई प्राथमिकताका साथ उठाउने र त्यस्ता विषयको समाधानका लागि पार्टीका नेता-कार्यकर्ताले नेतृत्वदायी भूमिका निर्वाह गर्न आवश्यक हुन्छ । सरकारमा हुँदा घोषणापत्रको कार्यान्वयन र विपक्षमा हुँदा जनदबाब र जनसंघर्ष गरी जनताका माग सम्बोधन गर्न परिचालित हुनुपर्छ।

### १०) विकास र समृद्धिको अभियान

नागरिकको सम्पन्नताका लागि विकास र समृद्धि नै अहिलेको आवश्यकता हो। त्यसैले पार्टीका हरेक नेता-कार्यकर्ताले विकास र समृद्धिको अभियानमा नेतृत्व गर्ने, अभियान सञ्चालन गर्ने र अभियानमा सहभागी हुने कुरालाई प्राथमिकता दिनुपर्छ। जनताका विकासका मुद्दा उठाउन र समाधानका लागि निरन्तर लाग्नुपर्छ।

### ११) उद्यमशीलताको अभियान

मुलुकको विकास र आर्थिक वृद्धि लागि ठुला तथा साना उद्योगहरूको स्थापना, सञ्चालन र व्यवस्थापन महत्त्वपूर्ण हुन्छ। स्वाधीन आत्मनिर्भर अर्थतन्त्र निर्माण आजको चुनौती हो । त्यसैले पार्टीका हरेक नेता-कार्यकर्ता उद्यमशीलताको अभियानमा सक्रिय बन्नुपर्छ, उद्यमी बन्नुपर्छ । सबै नेता तथा कार्यकर्ताले नेपाली कानुनको अधीनमा रही चाहेको उद्योग सञ्चालन गर्न सक्छन् । उद्यमी र उद्योग स्थापना गरे मात्रै राष्ट्रिय पुँजीको विकास हुन्छ । व्यक्ति, परिवार र समाजको सम्पन्नताका लागि उद्यमशीलता प्रमुख भएकाले उद्यमशीलतामा कार्यकर्ता परिचालित हुनु र गर्नुपर्छ।

### १२) जनपरिचालन, जनदबाब र संघर्ष

कम्युनिस्ट पार्टी, नेता र कार्यकर्ताले विभिन्न स्थानीय, राष्ट्रिय र अन्तर्राष्ट्रिय मुद्दामा जन-सङ्घर्ष सञ्चालन गर्नुपर्छ । आज पार्टी पंक्ति जनदबाब र जनसंघर्षबाट विमुख हुने स्थिति आएको छ। कार्यकर्ता कतिपय अवस्थामा पराधीन, आश्रित र पलायन हुन स्थिति भएको छ। त्यसैले समृद्धि, नागरिकको सुरक्षा र समुन्नतिका लागि जनपरिचालन, जनदबाब तथा संघर्ष आवश्यक हुन्छ । यसका लागि समेत तयार रहनुपर्छ, त्यसको नेतृत्व गर्न पार्टी हरदम तयारी अवस्था रहनुपर्छ।

### १३) आत्मनिर्भर र स्वाभिमानी कार्यकर्ता निर्माण

पार्टी अनुशासन र सक्रियताका लागि हरेक कार्यकर्ता आत्मनिर्भर र स्वाभिमानी हुन जरुरी छ । त्यसैले पार्टीका नेता आफू पनि आत्मनिर्भर र स्वाभिमानी बन्नुपर्छ । कार्यकर्तालाई आत्मनिर्भर र स्वाभिमानी बनाउन नेताले सहयोग तथा सहकार्य गर्नुपर्छ।

### १४) परिवारको व्यवस्थापन

पार्टी कमिटीको चुस्तता र संगठन निर्माण अभियानमा निरन्तर लाग्न कार्यकर्ता सबै समस्या र झन्झटबाट मुक्त हुनुपर्छ । त्यसैका आधारमा नेता-कार्यकर्ताको सक्रियता बढ्छ। सहजै महत्त्वपूर्ण काम सम्पादन हुन्छ। हरेक नेता-कार्यकर्ता सक्रिय हुन पहिले उसले परिवारको व्यवस्थापन गर्न सक्नुपर्छ। त्यसैले हरेक कार्यकर्तालाई परिवार व्यवस्थापनका लागि आवश्यक मार्गदर्शन र सहयोग गर्नुपर्छ।

### १५) सुशासन र भ्रष्टाचार विरुद्धको संघर्ष

व्यक्तिगत, सामाजिक र राजनीतिक जीवनमा हरेक पार्टी कार्यकर्ताको आर्थिक अनुशासन सबैभन्दा महत्त्वपूर्ण हुन्छ । आफ्नो आार्थिक जीवन स्वच्छ र नैतिकवान् बनाई पार्टीका हरेक नेता-कार्यकर्ताले सुशासन र भ्रष्टाचारविरुद्ध संघर्ष गर्न जरुरी हुन्छ।

### १६) अनुशासन पालना

व्यक्तिगत सफलताका लागि अनुशासन महत्त्वपूर्ण हुन्छ। व्यक्तिको सफलतामा पार्टीको सफलता जोडिएको हुन्छ। त्यसैले हरेक कार्यकर्ताले अनुशासन पालना गर्नु जरुरी हुन्छ। पार्टी जीवनमा पार्टी अनुशासनको ज्यादै महत्त्व छ । कार्यकर्ताले उच्च कम्युनिस्ट अनुशासन, आचरण र उच्च नैतिकताको पालना गर्नुपर्छ।

### १७) द्वन्द्व समाधान

पार्टी भित्र-बाहिर, समुदाय र समाजमा विभिन्न विषयमा अन्तर्विरोध र द्वन्द्व भइरहन्छन् । एउटा कुशल नेता-कार्यकर्ताले उत्पन्न द्वन्द्वको व्यवस्थापन गर्न सक्षम हुनुपर्छ । आफ्नो कारण अन्तर्विरोध सिर्जना नहोस् र अन्यत्रबाट उत्पन्न अन्तर्विरोध हल गर्न सक्षम हुनु सफल नेताको गुण हो।

### १८) निर्देशन पालना गर्नु/गराउनु

पार्टी जीवनमा उपल्लो कमिटी र नेताबाट प्राप्त हुने निर्देशन पालना गर्ने र तल्लो कमिटी तथा आफूमातहत कार्यकर्तालाई निर्देशन पालना गराउन नेता सिपालु हुनुपर्छ।

### १९) सामुदायिक, सामाजिक र सांस्कृतिक कार्यमा सहभागी

पार्टीका हरेक नेता-कार्यकर्ता पार्टी संगठनको काममा मात्र नभई हरेक सामाजिक, सामुदायिक र सांस्कृतिक अभियानमा समेत सहभागी हुनुपर्छ। यसले पार्टीको सफलतामा सहयोग पुग्नेछ।

### २०) अनुगमन

हरेक नेता-कार्यकर्ताले व्यक्तिगत, सामूहिक र पार्टीगत रूपमा गरेका निर्णय कार्यान्वयनको अवस्था, कामहरूको नतिजा र कमी-कमजोरी जान्नका लागि त्यस्ता कामको नियमित अनुगमन र मूल्यांकन जरुरी हुन्छ। कामका आधारमा कार्यकर्ताको मूल्यांकन गर्ने परिपाटी सुरुवात गर्नुपर्छ । जसबाट कार्यकर्ता नेता र नेतृत्वमुखी हुने परिपाटीको अन्त्य हुन्छ । पार्टीभित्र कमिटीगत मूल्यांकन प्रणाली विकास हुन्छ। आजको आवश्यकता पनि यही हो।

### २१) निर्णायक राष्ट्रिय शक्ति निर्माण

मुलुकको समृद्धि र नागरिकको समुन्नतिका लागि एमालेलाई निर्णायक राष्ट्रिय शक्ति बनाउनैपर्छ, यसकै लागि आम नेता-कार्यकर्ताको सक्रियता आवश्यक हुन्छ। कम्युनिस्ट पार्टीका लागि राष्ट्रिय शक्ति भनेका श्रमजीवी वर्ग हुन् । निम्न पुँजीपति वर्ग र राष्ट्रिय पुँजीपति वर्गको सहयोग तथा समर्थनमा राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तपण गर्नुपर्छ। यसका लागि हाम्रो नेतृत्वदायी भूमिका आवश्यक छ।

### २२) आलोचना र आत्मालोचना

कम्युनिस्ट पार्टीका नेता-कार्यकर्ताको एउटा महत्त्वपूर्ण काम र विशेषता भनेको कमिटीभित्र आलोचना र आत्मालोचना पद्धतिको विकास गर्नु हो । काम गर्ने क्रममा कमी-कमजोरी हुन सक्छ, यस्तो अवस्थामा हरेक नेता-कार्यकर्ताले आलोचना र आत्मालोचनालाई चेतनाको मूल विषय मानेर अगाडि बढ्नुपर्छ। कतिपय समयमा स्वआलोचनाको पद्धतिलाई पार्टी कमिटीभित्र स्थापित गर्न सक्नुपर्छ । जसका कारण पार्टीभित्र र बाहिर गलत संस्कारको अन्त्य हुन्छ। पार्टी कञ्चन र निर्मल हुन्छ।

### २३) निर्वाचन जिताउनु

जनवादी व्यवस्थाको सुदृढीकरण, राष्ट्रिय पुँजीको निर्माण र समाजवादको निर्माण गर्ने नीति भनेको निर्वाचन जित्नु र जिताउनु हो । संसदीय राजनीतिक पद्धतिमा निर्वाचन महत्त्वपूर्ण हुन्छ। निर्वाचनमा बहुमत ल्याएर स्थानीय, प्रदेश र संघीय सरकारमा रहन सके मात्र नागरिकको पक्षमा काम गर्न सकिन्छ । त्यसैले पार्टीलाई हरेक मोर्चामा निर्वाचित गराउन पार्टीका नेता-कार्यकर्ता सक्रिय बन्नुपर्छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले नेतृत्व गरेको सरकारले हरेकपटक जनपक्षीय काम गरेको छ र योपटक पनि त्यसको निरन्तरता देखिन्छ, तर पार्टीको एकल बहुमतको सरकार नभएकाले सबै कुरा पूरा गर्न सकिने अवस्था हुँदैन । त्यसैले उल्लिखित २३ बुँदे विषय अवलम्बन गर्न सबै नेता-कार्यकर्ताले सतर्कता, सजगता र सक्रियतापूर्वक प्रण गर्न आवश्यक छ। (लेखक नेकपा एमालेको पोलिटब्युरो सदस्य तथा काठमाडौँ जिल्ला इन्चार्ज हुन्।)रातोपाटी

# यसरी कम गर्न सकिन्छ बाघ र मान्छेको द्वन्द्व



शरद अधिकारी

सन् २०२२ को गणना अनुसार नेपालमा बाघको संख्या ३ सय ५५ छ। यसपछिका विभिन्न अध्ययन र अनुसन्धानले यो संख्या बढेर चार सय नाघिसकेको देखाएका छन्।

यसरी बाघको संख्या बढ्नु नेपालको सफलता हो। नेपालबाट विश्व समुदायका लागि प्रवाह भएको सुखद समाचार हो। सकारात्मक सन्देश हो। विश्व समुदायका लागि नेपालले दिएको उपहार पनि हो।तर यसबाट नेपालले जति फाइदा लिन सक्नुपर्ने हो, त्यति लिन सकेको देखिँदैन।

विश्व समुदायका लागि सकारात्मक सन्देश बनेको बाघको बढ्दो संख्याको घरेलु प्रभाव के छ, यसबारे कस्तो प्रतिक्रिया छ भन्नेबारे विचार/विश्लेषण गर्नु सान्दर्भिक हुनेछ।बाघ बढेको समाचार संघीय राजधानी काठमाडौं र बाघको रजगज नभएका ठाउँका लागि पनि सुखद हो। तर बारा, पर्सा, मकवानपुर, चितवन, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरबासीलाई यसले अत्याएको छ। उनीहरूको आक्रोश बढाएको छ। किनभने, यी जिल्लामा राष्ट्रिय निकुञ्जहरू छन्। मानिस-बाघ द्वन्द्वका घटना धेरै भएका छन्।

मुलुकमा बाघको संख्या वृद्धि भएसँगै सिंहदरबारले दुई विषयमा मूलतः आफनो ध्यान केन्द्रित गर्नुपर्ने थियो। पहिलो, यसबाट सिर्जित समस्या र चुनौती।दोस्रो, यसले सिर्जना गरेको अवसर।पहिले चर्चा गरौं बाघको संख्या बढेसँगै सिर्जित समस्या र चुनौतीबारे।

तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले २०७९ साउन १४ गते बाघको संख्या घोषणा गर्दा हामीमा एकप्रकारको उत्साह जागेको थियो। बाघको संख्या दोब्बर बनाउने हाम्रो राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रतिबद्धता थियो। सन् २००९ मा १२१ वटा बाघ भएकामा २ सय ५० पुऱ्याउने लक्ष्य थियो। बाघको संख्या झन्डै तेब्बर हाराहारीमा पुग्यो र हाम्रो लक्ष्य शतप्रतिशत हासिल भएको थियो। काठमाडौंले यसको उत्सव मनायो।

तर हामीले यसको गहिराइसम्म पुगेर अध्ययन गरेनौं। बाघ बढेसँगै यसबाट सिर्जना हुन सक्ने समस्या र चुनौतीबारे गम्भीरतापूर्वक सोचेनौं। फलतः मानिस र बाघ द्वन्द्वका घटना बढे। यो कसरी कम गर्ने भन्नेमा पनि हामीले ध्यान दिन सकेनौं।मानिस-बाघ द्वन्द्वका घटना इतिहासमा पनि भएका छन्, तर अहिले बढेका छन्।

यसको प्रमुख कारण वन-जंगलमा आश्रित र निर्भर हुनु हो। नेपालमा जंगल र मानव बस्तीबीच घनिष्ठ सम्बन्ध छ। जहाँ जंगल, त्यहाँ मानिस बस्ती रहँदै आएको इतिहास छ। हाम्रो रैथाने जीवन पद्धतिमा जंगल नभई नहुने कुरा हो। यसले गर्दा मानव-बाघ द्वन्द्वका घटना भइरहन्छन्। त्यस्तै जनसंख्यामा आएको वृद्धि र अशिक्षाका कारण जंगल वरपर क्षेत्रमा मानव बस्ती बढेको छ। बाघ प्रभावित जिल्लामा जनचेतना र शिक्षाको कमी छ।हामीले यस्तो समीक्षा गरेनौं। मानिसको जंगलमाथिको निर्भरता हटाउने काम गरेनौं। नहटाए पनि त्यो निर्भरता सुरक्षित बनाउने काम गरेनौं।

अब यसबारे सोचेर वनजंगलमाथिको निर्भरता हटाउन विशेष कार्यक्रम ल्याइनुपर्छ। मानिसलाई जंगलबाट कसरी पर राख्ने, बस्ती नै सार्नपर्ने हो कि, जंगलमा आश्रितहरूका लागि वैकल्पिक उपाय के खोज्ने भन्नेबारे विचार, विमर्श र बहस गर्नुपर्थ्यो। बाघ संरक्षण, मानिस-वन्यजन्तु द्वन्द्व र शिक्षालाई जोडेर वन्यजन्तु प्रभावित क्षेत्रमा स्कुल स्तरदेखि नै संरक्षण शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्थ्यो। यसो भएमा मानिस-बाघ द्वन्द्व घट्ने थियो।हामीले गरिबी हटाउने र रोजगारी सिर्जना गर्नेतर्फ नसोची बाघ संरक्षणको एक सूत्रीय अर्जुनदृष्टि मात्र लगायौं। त्यसैले



अब सिंहदरबारको ध्यान यतातिर जानुपर्छ। तत्काल विशेष कार्यक्रम घोषणा गर्नु सान्दर्भिक हुन्छ।

जुन बेला बाघबाट समुदाय प्रभावित हुन्छ या बाघले मान्छेको ज्यान लिन्छ, त्यति बेला त्यसलाई समातेर थुनिन्छ। मानिस-बाघ द्वन्द्व न्यूनीकरणमा यही एउटा विधि प्रयोग हुँदै आएको छ। घटनापछि आममानिसबाट पनि यही माग हुन्छ। तर यो समाधान स्थायी हो कि होइन भन्नेबारे विमर्श र अध्ययन जरूरी छ।अहिलेसम्म यसरी मान्छेलाई प्रभावित गरेका कारण थुनिएका बाघको संख्या कम्तीमा १८ पुगिसकेको छ। जावलाखेलको सानो चिडियाघरमा मात्रै ६ वटा बाघ छन्। त्यहाँ तिनका लागि ठाउँ निकै साँघुरो छ।अब दीर्घकालीन समाधानको उपाय खोजिनुपर्छ।

केपी शर्मा ओली पहिलोपटक प्रधानमन्त्री भएका बेला भक्तपुरको सूर्यविनायकमा राष्ट्रिय प्राणी उद्यान बनाउन शिलान्यास भएको थियो। त्यहाँ के कति काम भयो भन्ने त यकिन छैन। तर अवस्था बुझेर र अध्ययन गरेर त्यो ठाउँलाई बाघ केन्द्रित प्राणी उद्यानका रूपमा विकास गर्न सकिन्छ कि भन्नेबारे पनि सोच्न जरूरी छ।

बाघको संख्या बढ्दा संरक्षणका हिसाबले ठूलो सफलता मिलेको छ। देशभित्र र बाहिर सकारात्मक बहस सुरू भएको छ। योसँगै बढ्दो मानिस-बाघ द्वन्द्व कसरी कम गर्ने वा रोक्ने भन्नेबारे पनि चर्चा सुरू भएको छ। बाघ र मान्छेलाई खतराबाट कसरी टाढा राख्ने भन्ने नै अबको प्रमुख चासो र चुनौती हो।हामीले बाघ संरक्षणलाई विज्ञानको दृष्टिबाट मात्र होइन, व्यवस्थापकीय दृष्टिबाट समेत हेर्नुपर्ने हुन्छ। किनभने, अब मुलुकको समृद्धि र विकासमा बाघ संरक्षणलाई समेत जोडेर अगाडि बढ्नुपर्नेछ।बाघ संरक्षणमा सरकारले उच्च प्रतिबद्धता साथ काम गरिरहेको छ। तर व्यवस्थापनमा अझै धेरै काम गर्नुछ।

प्रकृतिको सुन्दर उपहारका रूपमा रहेको बाघले संसारका धेरै मानिसको ध्यान तानिएको हुन्छ। हामीले बढ्दो बाघको संख्यालाई अवसरमा परिणत गर्न सक्छौं। बाघका हरेक गतिविधिलाई पर्यटनसँग जोड्न सकिन्छ। यसै पनि नेपालको पर्यटन प्रकृतिमा आधारित छ। बाघलाई पर्यटनको एक महत्त्वपूर्ण 'प्रडक्ट' का रूपमा विकास गर्न सकिन्छ।

प्रधानमन्त्री ओलीको यसअघिको कार्यकालको लगभग अन्तिम समयतिर (२०७८ असार २६) प्रधानमन्त्री निवासमा बाघ सम्बन्धी एउटा छलफल भएको थियो। राष्ट्रिय बाघ संरक्षण समितिको बैठकका रूपमा भएको त्यो छलफल बाघलाई मुलुकको समृद्धि यात्रासँग जोड्न के गर्न सकिन्छ भन्नेमा केन्द्रित थियो। बाघले पर्यटन विकासमा असीमित सम्भावना बोकेकोबारे विमर्श भएको थियो।

बैठकमा मैले 'प्रधानमन्त्री बाघ संवाद' कार्यक्रम सञ्चालन गर्नेबारे प्रस्ताव गरेको थिएँ। यो कार्यक्रम एक संरक्षण अभियान पनि हो। बाघको माध्यमबाट नेपाललाई अन्तर्राष्ट्रिय समुदायमा चिनाउने र नेपाल घुम्न आउन निम्ता गर्न सकिने उपाय हो। किनभने, संसारका लागि बाघ आकर्षक वन्यजन्तु हो।

प्रधानमन्त्री ओलीले यो प्रस्ताव स्वीकार गर्नुभएको थियो। तर त्यसो गरेको दुई दिनपछि नै उहाँ प्रधानमन्त्रीबाट हट्नुभयो।अहिले फेरि उहाँ प्रधानमन्त्री हुनुहुन्छ। बाघमार्फत नेपाललाई विश्वमा चिनाउने र दुनियाँलाई घुम्न आमन्त्रण गर्ने सम्भावना छँदैछ। हामी यो कार्यक्रम पुनः सुरू गर्न सक्छौं।अब सिंहदरबारले यी काममा किन ध्यान नदिने?

(लेखक शरद अधिकारी संरक्षण नीति विज्ञ, राष्ट्रिय प्रकृति संरक्षण कोषका पूर्वसदस्य सचिव तथा बाघ संरक्षण समितिका सदस्य हुन्।)सेतोपाटी

# संविधान संशोधन अग्रगमन र समृद्धिका लागि : प्रधानमन्त्री




काठमाण्डु । प्रधानमन्त्री एवं नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले लोकतन्त्रका लागि लडेर आएका नेपाली कांग्रेस र नेकपा (एमाले) सहितको वर्तमान सत्ता समीकरणले अग्रमगन र समृद्धिका लागि संविधान संशोधन गराउने बताउनुभएको छ।

नेकपा (एमाले)ले हालै मनोनीत गरेका उपाध्यक्ष र केन्द्रीय सदस्यहरुको सपथ ग्रहणका लागि आइतबार पार्टीको केन्द्रीय कार्यालय ललितपुरको च्यासलमा आयोजित कार्यक्रममा प्रधानमन्त्री ओलीले संविधान संशोधन गरेर प्रतिगमन ल्याउन खोजेको भन्ने भ्रम फैलाउने कोशिस भएको उल्लेख गर्दै मुलुक र जनताको आवश्यकताबमोजिम संविधान संशोधनीय दस्तावेज भएको बताउनुभयो।

"लोकतन्त्रलाई सुदृढ बनाउन, संविधानप्रतिको ग्राह्यता र स्वीकार्यता बढाउन, विकास र समृद्धिका थप आधार पहिल्याउन र जनतासँग एकाकार हुन संविधान संशोधन गर्ने हो", प्रधानमन्त्री ओलीले भन्नुभयो, "संविधान कुनै धार्मिक ग्रन्थजस्तो असंशोधनीय विषय होइन। हामीले कुलै लहडका भरमा संविधान संशोधनको कुरा गरेका होइनौं । मानवकेन्द्रित मुद्दालाई ध्यानमा राखेर हामी संविधान संशोधनको सोचमा छौं।"

प्रधानमन्त्री ओलीले राजनीति स्वच्छ प्रतिस्पर्धाका आधारमा जनताका लागि हुनुपर्ने र एमालेका नेता कार्यकर्ताले जनताप्रति नरम तथा जवाफदेही भएर काम गर्नुपर्नेमा जोड दिनुभयो। उहाँले वैचारिक र साङ्गठनिक रुपमा मुलुकको नेतृत्व गर्ने हकदार पार्टी पनि एमाले नै भएको स्पष्ट गर्नुभयो ।रासस

# राष्ट्रपतिद्वारा भोटोजात्रा अवलोकन

पाटन । राष्ट्रपति रामचन्द्र पौडेलले परम्परागत रुपमा मनाइँदै आएको भोटोजात्रा अवलोकन गर्नुभएको छ। उहाँले ललितपुरको जावलाखेलमा आइतबार अपराह्नमा ४ बजे आयोजित कार्यक्रममा भोटोजात्रा अवलोकन गर्नुभएको हो।

राष्ट्रपतिसँगै उपराष्ट्रपति रामसहायप्रसाद यादव, प्रधानमन्त्री केपी शर्मा ओली, प्रधानन्यायाधीश विश्वम्भरप्रसाद श्रेष्ठ, सभामुख देवराज घिमिरे र राष्ट्रियसभाका अध्यक्ष नारायणप्रसाद दाहालले भोटोजात्रा अवलोकन गर्नुभयो । उहाँहरुलाई ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जन, प्रमुख जिल्ला अधिकारी तुलसीबहादुर श्रेष्ठ, महानगर उपप्रमुख मञ्जली शाक्य बज्राचार्यले स्वागत गर्नुभएको थियो।

हरेक वर्ष राष्ट्रप्रमुखको उपस्थितिमा मच्छिन्द्रनाथको रथमा उभिएर गुठी संस्थानका कर्मचारीले भोटो देखाउने परम्पराअनुसार आज राष्ट्रपति पौडेलको उपस्थितिमा भोटो देखाइएको हो । सो अवसरमा राष्ट्रपति पौडेलले रातो मच्छिन्द्रनाथको दर्शन गर्नुका साथै प्रसाद ग्रहण गर्नुभयो । उहाँले जीवित देवी कुमारीको दर्शन पनि गर्नुभयो।

भोटोजात्राका अवलोकन गर्न उपप्रधानमन्त्री प्रकाशमान सिंह, नेपाल सरकारका मन्त्रीहरु, संवैधानिक अङ्गका प्रमुखहरु, काठमाडौँ महानगरपालिकाका प्रमुख बालेन्द्र शाह, उपत्यकाका स्थानीय तहका प्रमुख,



उपप्रमुखहरू, सुरक्षा निकायका प्रमुखहरु सहभागी हुनुहुन्थ्यो । भोटोजात्रा हेर्न आम नागरिकको उल्लेख्य उपस्थिति थियो। वर्षा र सहकालका देवता रातो मच्छिन्द्रनाथको रथलाई पुल्चोकबाट गावहाल, मङ्गलबार, टङ्गाल इटीटोल, कुमारीपाटी मानभवन हुँदै जावलाखेल ल्याइएको चार दिनपछि भोटो देखाएर जात्राको समापन गरिने प्रचलनअनुसार भोटो देखाइएको हो। यससँगै यस वर्षको रथयात्रा सम्पन्न भएको छ।

गत वैशाख २७ गते रातो मच्छिन्द्रनाथको मूर्तिलाई पुल्चोकमा रथारोहणका गरेसँगै यो जात्रा सुरु भएको थियो। रातो मच्छिन्द्रनाथको मूर्ति मच्छिन्द्रबहालस्थित मन्दिरबाट बोकेर रथारोहण गरेपछि जात्रा प्रारम्भ भएको थियो । यो जात्रा काठमाडौं उपत्यकाको सबैभन्दा प्रसिद्ध जात्रामध्येको एक हो । जात्रा करिब एक हजार छ सय वर्षअघि सुरु भएको विश्वास गरिन्छ। भोटो देखाएकै दिन रातो मच्छिन्द्रनाथको मूर्तिलाई खटमा राखी बुङ्गमती पुऱ्याउनुपर्ने परम्परा रहको गुठी संस्थानका प्रमुख बैकुण्ठ आचार्यले जानकारी गराउनुभयो ।रासस

### नयाँ गठबन्धनमा सरकार बनेसँगै जनतामा आशा पलाएको छ : नेता बस्नेत

भक्तपुर। नेकपा (एमाले)का पोलिटब्युरो सदस्य तथा पूर्वमन्त्री महेश बस्नेतले वर्तमान एमाले-कांग्रेसको गठबन्धनमा सरकार बनेसँगै जनतामा आशा र भरोसा पलाएको बताउनुभएको छ।

यहाँ आइतबार उहाँले विकास संरक्षण तथा प्रवर्द्धन अभियानको शुभारम्भ गर्दै जनताको आशाको दियोलाई वर्तमान सरकारले निभ्न दिन नहुने बताउनुभयो। एमालेका अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा सरकार बनेसँगै उद्योगी, शेयर बजार, बैंक, वित्तीय संस्था तथा अन्य व्यापार व्यवसायी उत्साही रहेको भन्दै उहाँले अब देशको अर्थतन्त्र सुधार हुनेमा विश्वास रहेको बताउनुभयो।

एमाले भक्तपुर इञ्चार्जसमेत रहनुभएका नेता बस्नेतले धरासायी बन्दै गएको देशको अर्थतन्त्रलाई वर्तमान सरकारले माथि उकास्ने बताउँदै नेपाल विद्युत् प्राधिकरणले विद्युत्को लाइन काटिदिएका कारण उद्योगी पलायन हुनुपर्ने अवस्था बनेको आरोप लगाउनुभयो। उहाँले उद्योगी पलायन हुने अवस्थालाई रोक्न प्रधानमन्त्रीले प्राधिकरणको निर्णयलाई उल्ट्याउँदै उद्योगीलाई उद्योग सञ्चालन गर्ने वातावरण बनाएको बनाउनुभयो ।रासस

# सुदूरपश्चिम प्रदेशको मुख्यमन्त्रीमा शाह नियुक्त

सुदुरपश्चिम। सुदुरपश्चिमको मुख्यमन्त्रीमा नेपाली कांग्रेस प्रदेशसभा संसदीय दलका नेता कमलबहादुर शाह नियुक्त हुनुभएको छ । प्रदेश प्रमुख नजिर मियाँले नेपालको संविधानको धारा १६८ को




उपधारा (२) बमोजिम कांग्रेस र नेपाल कम्युनिष्ट पार्टी (एमाले) को समर्थनमा शाहलाई आज मुख्यमन्त्रीमा नियुक्त गर्नुभएको हो । शाहलाई नागरिक उन्मुक्ति पार्टीको पनि समर्थन रहेको छ।

यसअघि आइतबार बसेको कांग्रेस संसदीय दलको बैठकले दलका नेता शाहलाई मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गरेको थियो । मुख्यमन्त्रीका लागि कांग्रेसभित्र दलका नेता शाहलगायत बहादुरसिंह थापा, प्रकाशबहादुर देउवा र दिवानसिंह विष्ट आकांक्षी रहेका थिए । केन्द्रको निर्देशनअनुसार शाहलाई नै मुख्यमन्त्रीमा अघि सार्ने निर्णय गरिएको कांग्रेसले जनाएको छ।

शाह दोस्रो पटक प्रदेशको मुख्यमन्त्रीमा नियुक्त हुनुभएको हो । उहाँ विसं २०७९ मा भएको आमनिर्वाचनमा कैलाली निर्वाचन क्षेत्र नं २ (क) बाट निर्वाचित हुनुभएको थियो । यसअघि विसं २०७९ माघ २७ गते नेकपा (माओवादी केन्द्र) नागरिक उन्मुक्ति पार्टी, नेकपा (एकीकृत समाजवादी) को समर्थनमा उहाँ मुख्यमन्त्रीमा नियुक्त हुनुभएको थियो । केन्द्रमा फेरिएको समीकरणसँगै माओवादी केन्द्र र एकीकृत समाजवादीले समर्थन फिर्ता लिएपछि अल्पमतमा पर्नुभएका शाहले गत चैत्र २२ गते पदबाट राजीनामा दिनुभएको थियो।

त्यसपछि बनेको नयाँ समीकरणअनुसार गएको वैशाख ६ गते एकीकृत समाजवादी प्रदेशसभा संसदीय दलका नेता दीर्घबहादुर सोडारी मुख्यमन्त्री बन्नुभएको थियो । फेरि केन्द्रमा कांग्रेस र एमालेसहितको सत्ता गठबन्धन बनेपछि अल्पमनमा पर्नुभएका सोडारीले यही साउन १८ गते पदबाट राजीनामा दिनुभएको थियो।

सोही दिन मुख्यमन्त्री नियुक्तिका लागि प्रदेश प्रमुखद्वारा आह्वान भएअनुसार आज दिउँसो शाहले दाबी पेस गर्नुभएको थियो । मुख्यमन्त्रीका लागि ५३ सदस्यीय प्रदेशसभामा २७ जना आवश्यक पर्नेमा कांग्रेस र एमालेका २९ सदस्य छन्। नागरिक उन्मुक्तिले समर्थन गर्दा मुख्यमन्त्रीको पक्षमा ३६ सदस्य पुग्छ । प्रदेशसभामा नेपाली कांग्रेसका १८, माओवादी केन्द्रका सभामुखबाहेक १०, एमालेका ११, नागरिक उन्मुक्तिका सात, एकीकृत समाजवादीका चार, राप्रपाका एक र एक स्वतन्त्र सदस्य छन् ।रासस

# 'उपचार गर्न काठमाडौँ जानुपर्ने बाध्यताको अन्त्य'

भक्तपुर । बागमती प्रदेश सरकारका स्वास्थ्यमन्त्री किरण थापाले भक्तपुरवासी जनताले अब उपचारका लागि काठमाडौँ जानुपर्ने बाध्यताको अन्त्य गरिने बताउनुभएको छ।

नेकपा एमाले सूर्यविनायक



नगरपालिका-७ वडा कमिटीले आइतबार गुण्डूमा आयोजना गरेको सम्मान र विकास संरक्षण तथा प्रवर्द्धन अभियानको शुभारम्भमा बोल्दै उहाँले सहज उपचारको व्यवस्था गर्ने बताउनुभएको हो ।"क्यान्सर पीडितलाई एकलाख रुपैयाँ अनुदान दिने मन्त्रीपरिषद्को पहिलो बैठकमै निर्णय गराइसकेको छु, आम नागरिकलाई स्वास्थ्यको पहुँचमा ल्याउनुपर्ने संवैधानिक व्यवस्थाअनुसार औषधि नपाएर ज्यान गुमाउनु नपरोस् भनेर मैले बागमती प्रदेशका सबै जिल्ला अस्पतालमा निर्देशन दिइसकेको छु", प्रदेशमन्त्री थापाले भन्नुभयो, "त्यहीअनुसार जनशक्ति र आवश्यक उपकरणको व्यवस्था गर्नेछु।"

अब भक्तपुर र पूर्वका जनताले गुणस्तरीय उपचार खोज्दै मनोहरा खोला काटेर काठमाडौँ छिर्न नपरोस् भनेर महत्वपूर्ण योजनाका साथ काम अगाडि बढाएको उहाँको भनाइ छ। प्रदेशका ११ वटा अस्पताललाई सुविधा सम्पन्न अस्पताल बनाउने उहाँले जानकारी दिनुभयो । नागरिकले उपचार नपाउने अवस्था अस्पतालले सृजना गराए कानुनी कारबाही गर्ने बताउँदै उहाँले काठमाडौँका दुई स्थानमा पानीका कारण देखिएको हैजा नियन्त्रण गर्न विज्ञ टोली खटाइएको बताउनुभयो । उहाँले भक्तपुर अस्पताल र सूर्यविनायक नगर अस्पताललाई उत्कृष्ट अस्पतालको रुपमा विकास गरेर जनताको विश्वासलाई कायम राख्ने धारणा राख्नुभयो।

विगतमा काम गरिरहेका करारका कर्मचारीको एक वर्षको म्याद थप्ने प्रकृया अगाडि बढिसकेको बताउँदै उहाँले निजी तथा सरकारी अस्पताललाई बागमती प्रदेश सरकारले गर्नुपर्ने सहयोगमा कुनै कमी नगर्ने प्रतिबद्धता जनाउनुभयो । कार्यक्रममा नेकपा एमालेका नेता महेश बस्नेत, नेकपा एमाले भक्तपुरका अध्यक्ष बचन देउजाले एमालेको नेतृत्व, कार्यकर्ता र विकासलाई जोडेर सँगसँगै लैजानुपर्नेमा जोड दिनुभयो।

जिल्ला समन्यव समितिका प्रमुख ईश्वरबहादुर थापा, वडाध्यक्ष रविन्द्र सापकोटा, किवाचोक युवा क्लवका अध्यक्ष दिनेश थापालगायतले विकासमा विभेद नगरी भक्तपुरलाई समृद्ध बनाउनुपर्नेमा जोड दिनुभयो ।रासस

# एमाले केन्द्रीय कमिटी उपाध्यक्ष र सदस्यलाई सपथ



काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले हालै पार्टीमा मनोनीत पदाधिकारी र केन्द्रीय सदस्यलाई सपथ ग्रहण गराउनुभएको छ। पार्टी केन्द्रीय कार्यालय ललितपुर, च्यासलमा आइतबार आयोजित कार्यक्रममा उहाँले उपाध्यक्षमा मनोनीत गुरु बराल र अन्य १६ जना केन्द्रीय सदस्यलाई सपथ गराउनुभएको हो।

प्रधानमन्त्री तथा अध्यक्ष ओलीले एमालेको विधान, २०४९ (संशोधित २०७८) को धारा ६६ को २ (च)मा भएको व्यवस्थाअनुसार मनोनीत पदाधिकारी र केन्द्रीय सदस्यलाई सपथ ग्रहण गराउनुभएको थियो। मनोनीत केन्द्रीय सदस्यहरू सुवास कर्माचार्य (सिन्धुपाल्चोक), जितेन्द्र देव (सुनसरी), रामपृत राम (सिराहा), कृष्णभक्त पोखरेल (चितवन), कमल तिमिल्सिना (अछाम), गोविन्द पुन (सल्यान) केदार सिग्देल (तनहुँ) र मनमोहन पौडेल (पर्वत) रहनुभएको छ।

यसैगरी हरदेव जोशी (दार्चुला), हरि उप्रेती (सर्लाही), इन्द्र भण्डारी (झापा), महेश बर्तौला (मकवानपुर), सरिता भुसाल (अर्घाखाँची), प्रभा कोइराला (कास्की), मञ्जु शर्मा चालिसे (बागलुङ) र आशा जवेगु (पाँचथर) मनोनीत केन्द्रीय सदस्यले आजै प्रधानमन्त्री ओलीबाट सपथ लिनुभयो।

नयाँ थपिएका १६ जनासहित अब एमालेमा तीन सय ७४ सदस्यीय केन्द्रीय कमिटी बनेको छ। गत साउन १७ गते बसेको सचिवालय बैठकले एक उपाध्यक्ष र १६ जना केन्द्रीय सदस्यलाई पार्टी विधानको धारा ६५ अनुसार मनोनयन गरेको थियो ।रासस

# विद्युत् प्राधिकरणको सञ्चालक समितिमा कार्की र गुरुङ

काठमाण्डु । नेपाल विद्युत् प्राधिकरणको सञ्चालक समितिमा देवेन्द्र कार्की र महेन्द्रबहादुर गुरुङ नियुक्त हुनुभएको छ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका मन्त्रिस्तरीको निर्णयबाट दोलखा तामाकोशी गाउँपालिका-२ का कार्की र ओखलढुङ्गा रुम्जाटार गाउँपालिका-७ गुरुङलाई सञ्चालक समिति सदस्यमा नियुक्त गरिएको हो।

उहाँहरुलाई नेपाल विद्युत् प्राधिकरण ऐन, २०४१ को दफा ९ को उपदफा (३) को खण्ड (च) बमोजिम विद्युत् क्षेत्रमा विशेषज्ञता हासिल गरेका गैरसरकारी व्यक्तिबाट कार्की र विद्युत् उपभोक्तामध्येबाट गुरुङलाई



सञ्चालक समितिको सदस्यमा मनोनयन गरिएको मन्त्रालयले जनाएको छ ।ऊर्जा मन्त्रीको साउन १८ गतेको निर्णयअनुसार कार्की र गुरुङलाई चार वर्षका लागि सञ्चालक समिति सदस्य पदमा मनोनित गरिएको हो । नवनियुक्त कार्की पूर्वऊर्जा मन्त्रालयका सचिव तथा गुरुङ विद्युत् विकास विभागका पूर्वमहानिर्देशक हुनुहुन्छ ।रासस

# जनगुनासोलाई तत्काल सुन्न मन्त्री भट्टराईको आग्रह

गण्डकी । शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले सार्वजनिक सेवा प्रवाहका क्रममा आउने जनगुनासोलाई तत्काल सुन्न राष्ट्रसेवक कर्मचारीलाई आग्रह गर्नुभएको छ।

जिल्ला प्रशासन कार्यालय कास्कीको संयोजनमा आइतबार जिल्लास्थित कार्यालयका प्रमुखहरुसँगको भेट तथा अन्तरक्रियामा मन्त्री भट्टराईले जनगुनासोलाई तत्काल सुन्दै त्यसको समाधानका लागि आवश्यक पहल गर्नुपर्ने बताउनुभयो । जनगुनासो एवम् समस्यालाई तत्काल सुनिदिने अभ्यासले सेवाग्राहीमा राज्य एवम् सरकारप्रतिको आशा विश्वास बढाउने उल्लेख गर्दै उहाँले उपलब्ध साधनस्रोतको अधिकतम उपयोग गर्दै समस्यालाई समाधान गर्नुपर्नेमा जोड दिनुभयो।

सरकारी काम कारवाहीमा पारदर्शिता अपरिहार्य भएको उल्लेख गर्दै मन्त्री भट्टराईले त्यसले हरेक काममा



सहजता ल्याउने धारणा राख्नुभयो । सरकारी जागिरलाई केबल व्यक्तिगत सुविधाको रुपमा भन्दा पनि यसलाई जनताको सेवा प्रवाहसँग जोड्नु आवश्यक हुने उहाँको भनाइ थियो।

शिक्षा क्षेत्र समाजको हरेक क्षेत्रसँग जोडिने र यसलाई समयानुकूल र व्यवस्थित बनाउनेतर्फ आफ्नो ध्यान केन्द्रित भएको मन्त्री भट्टराईले बताउनुभयो। विद्यमान ऐन नियमलाई समय सापेक्ष बनाउँदै अघि बढ्नु आवश्यक रहेको उहाँको भनाइ थियो। विद्यार्थीको ज्ञानलाई हाम्रो प्रणालीसँग जोड्नु आवश्यक भएको उल्लेख गर्दै मन्त्री भट्टराईले शिक्षा क्षेत्रको समग्र विकासका लागि योजनाबद्धरुपमा अघि बढ्ने बताउनुभयो।

कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले जिल्लाको समग्र अवस्थाबारे मन्त्री भट्टराईलाई जानकारी गराउनुभएको थियो । कार्यक्रममा जिल्लास्थित कार्यालयका प्रमुखहरुले भइरहेको सेवाप्रवाह एवम् आइपरेका समस्यालगायत विषयमा मन्त्री भट्टराईको ध्यानाकर्षण गराउनुभएको थियो ।रासस


## आइ.पि.ए. गुटखा उद्योग

सम्सी, महोत्तरी

### मुल्य सूची सम्बन्धी सूचना

यस आइ.पि.उ. गुटखा उद्योगबाट उत्पादित तपसिल बमोजिम ब्राण्डका गुट्खा तथा पान मसलाहरु नेपाल अधिराज्य भित्र बिक्री वितरण गर्नका लागि अर्को सूचना जारी नभएसम्मका लागि मिति २०८१/०४/२१ गते देखि लागु हुने गरी कायम गरिएको हुँदा सम्बन्धित सबैमा जानकारीका लागि तपसिल बमोजिमका मुल्यसूचि अनुसार बिक्री वितरण गर्न हुन सुचित गरिन्छ। उपराँत मुल्यमा मू.अ.कर समावेश गरिएको छैन।

| विवरण | साइज (प्रति पोका) | डिलर (मूल्य प्रति पोका) | थोक बिक्रेता | खुद्रा बिक्रेता | उपभोक्ता खुद्रा मुल्य | प्रति पाउच मूल्य |
|---|---|---|---|---|---|---|
| सुभलाभ गुट्खा | १५० ग्राम | २०७ | २१४।५० | २२२ | २२९।५० | ५ |
| किंक गुट्खा | १५० ग्राम | २०७ | २१४।५० | २२२ | २२९।५० | ५ |
| आ.आर-१३ | ४०० ग्राम | २२७।७६ | २४७।७६ | २६७।७६ | २८७।७६ | २० |
| आ.आर निवास | १५० ग्राम | २०५।०५ | २१२।५५ | २२०।०५ | २२७।५५ | १० |

**नोट** :- खुद्रा बिक्रेताले अधिकतम खुद्रा मुल्य भन्दा कम मुल्य पनि बिक्री गर्न सक्ने छ।



## Request for Proposal

**1st Date of Publication: 05 August 2024 (21 Shrawan, 2081)**

Multipurpose Finance Ltd (MPFL) invites sealed proposal from registered and eligible firms/companies, for "Implementation Solutions for Nepal Financial Reporting Standards (NFRS) 9 for MPFL".

**Terms and Conditions**

1. **RFP Documents:** Available upon submission of an official request letter to General Service Department(GSD), MPFL, Vidhyapati Chowk, Janakpurdham, with a non-refundable fee of NPR 1000 deposited at Multipurpose Finance Ltd., Janakpurdham.
   Account Name : Multipurpose Finance Ltd. and Account No. 0960100004183201, Citizens Bank International Ltd., Bidhyapati Chowk, Janakpurdham, Dhanusha
2. **Bid Document:** Must accompany the bid bond, amounting to **2.5%** of the total bid amount in the form of bank guarantee valid for at least **60** days from the submission deadline, or as a cash margin in in the specified account.
3. **Submission Deadline:** Sealed Proposals must be submitted to GSD, MPFL not later than 19 August 2024.
4. **Late Submission:** Documents received after the deadline will not be considered.
5. **Holidays:** If the submission deadline falls on government holiday, proposals can be submitted on the next working day. The same applies to the proposal opening process too.
6. **Additional Information:** Refer to the bid document for all other details.
7. MPFL reserves all the rights to accept or reject any or all bids, wholly or partly, as its sole discretion without assigning any reason.

**Multipurpose Finance Limited**

**For Details, Please Contact**
**General Administration Department**
**Telephone : 041-591170, rajesh.mallik@multipurposefinance.com**

# सम्भावित आक्रमणको प्रतिरोधको तयारीमा अमेरिकी जनरल मध्यपूर्वमा

एएफपी

वासिङटन । हमास र हिजबुल्लाहका वरिष्ठ नेताको हत्यापछि इरानले इजरायलमाथि आक्रमण गर्न सक्ने अनुमानबीच अमेरिकी केन्द्रीय कमान्डका जनरल माइकल कुरिल्ला शनिबार उक्त क्षेत्रमा आइपुगेको दुई अमेरिकी अधिकारीलाई उद्धृत गद अमेरिकी समाचार संस्था एक्जिओसले जनाएको छ।



तेहरानमा हमासका राजनीतिक विभाग प्रमुख इस्माइल हनियाको हत्यापछि इजरायल, इरान र हिजबुल्लाहबीच पछिल्लो समय तनाव हुनुअघि तय गरिएको जनरल कुरिलाको भ्रमणलाई अहिले रणनीतिक कदमका रुपमा हेरिएको छ।

उहाँले अप्रिल १३ मा इरानबाट भएको आक्रमणविरुद्ध इजरायलको रक्षा गर्ने अन्तर ाष्ट्रिय र क्षेत्रीय गठबन्धनलाई परिचालन गर्ने अपेक्षा गरिएको एक अमेरिकी अधिकारीलाई उद्धृत गर्दै एक्जिओसले जनाएको छ ।अमेरिका र इजरायलका तीन अधिकारीले इरानले सोमबारसम्ममा इजरायलमाथि आक्रमण गर्नसक्ने बताएका छन् ।

इरान र हिजबुल्लाहका नेताहरूले हिजबुल्लाहका शीर्ष सैन्य कमाण्डर फुआद शुकर र हमासका राजनीतिक नेता इस्माइल हनियाको हत्याको बदला लिने प्रतिबद्धता व्यक्त गरेका छन् ।एक अमेरिकी अधिकारीका अनुसार कुरिलाले इजरायल र जोर्डनलगायत खाडीका विभिन्न देशको भ्रमण गर्ने अपेक्षा गरिएको छ। कुरिलाको भ्रमणको प्रमुख गन्तब्य जोर्डन रहेको मानिएको छ किनकि जोर्डनले अप्रिल १३ को आक्रमणको समयमा इजरायलको सहयोगका लागि इरानी ड्रोनहरूलाई रोकी अमेरिकी र इजरायली जेटहरूलाई अवरोधको लागि आफ्नो हवाई क्षेत्र प्रयोग गर्न अनुमति दिएर महत्त्वपूर्ण भूमिका खेलेको थियो।

अधिकारीका अनुसार अमेरिकाले आवश्यक परेको खण्डमा फेरि पनि जोर्डनको यस्तै सहयोग रहने आशा गरेको छ । इरानले इजरायलमाथि गर्न सक्ने सम्भावित आक्रमणको तयारीका लागि अमेरिकाले मध्यपूर्वमा आफ्ना सेनालाई बढाइरहेको र यस क्षेत्रमा थप युद्धपोत तथा लडाकू विमानहरु पठाउन लागेको पेन्टागनले शुक्रबार जनाएको छ।

अमेरिकी अधिकारीहरूले इरानको जवाफी कारबाही इजरायलमाथि गरेको अघिल्लो आक्रमणजस्तै औचित्यहीन हुने तर लेबनानमा हिजबुल्लाह पनि सामेल हुन सक्ने अपेक्षा गरेका छन् । हानियाको हत्याले यस क्षेत्रमा इजरायलविरुद्ध तीव्र भावना उत्पन्न गरेकाले अघिल्लो इरानी आक्रमणबाट इजरायलको रक्षा गर्ने राष्ट्रहरूको अन्तर्राष्ट्रिय र क्षेत्रीय सहयोग परिचालन गर्न अझ कठिन हुनसक्ने अमेरिकी सरकारको चिन्ता छ।

अमेरिका र इजरायलका अधिकारीहरूले इरान र हिजबुल्लाहले समन्वित आक्रमण गर्ने वा छुट्टाछुट्टै कारबाही गर्ने भन्नेबारे आफूलाई थाहा नभएको बताएका छन् । इरान र हिजबुल्लाहले अझै पनि आफ्नो सैन्य योजनालाई अन्तिम रूप दिन र राजनीतिक स्तरमा अनुमोदन गर्न काम गरिरहेको अधिकारीहरूले बताएका छन्।


# चीनद्वारा घरायसी खपत बढाउने योजना जारी

एएफपी

बेइजिङ। चीनले घरेलु खपत बढाउने उद्देश्यले निर्देशनहरूको सूची जारी गरेको छ। विश्वको दोस्रो ठूलो अर्थतन्त्रमा न्यून घरेलु खपतले विकासलाई कमजोर बनाएको छ। सूचीमा बालबालिका र वृद्धहरूको हेरचाह तथा खाद्यान्न र पेय पदार्थलगायतका क्षेत्रलाई लक्षित गरिएको छ।

सत्तारूढ कम्युनिष्ट पार्टीका शीर्ष अधिकारीहरूको भेलापछि राष्ट्रपति सी जिनपिङलगायतका सामाजिक लाभहरूको अभावका कारण थोरै युवाहरूले बच्चा जन्माउने विकल्प छनोट गर्ने भएकाले योजनाले बालबालिका हेरचाह सेवाहरूको विकासको पनि आह्वान गरेको छ। दस्तावेजअनुसार तीन वर्षभन्दा मुनिका बालबालिका र ज्येष्ठ नागरिकहरूको हेरचाहको लागतलाई पनि आयकरमा कटौतीको योजना बनाइएको छ।

बेइजिङले सेवा क्षेत्रमा विशेषगरी बैंकहरूबाट योग्य साना व्यवसायहरूले ठूलो



नेताहरूले गत महिना घरेलु खपत बढाउन र चीनको कमजोर रियल स्टेट क्षेत्रमा दबाब कम गर्न सहयोग गर्ने वाचा गर्नुभएको थियो। चीनको मन्त्रिपरिषद् अर्थात स्टेट काउन्सिलले शनिबार साँझ आफ्नो वेबसाइटमा २० वटा सामान्य निर्देशनहरूको सूची प्रकाशित गरेको थियो।

प्रस्तावित बजेट समावेश नभएको योजनाले अधिकारीहरूलाई 'वृद्धहरूका लागि हेरचाह सेवाहरूको आपूर्ति बढाउन' आग्रह गरेको छ। शिक्षाको उच्च लागत र आर्थिक सहायताबाट लाभ हासिल गर्न सक्ने कुरा सुनिश्चित गर्ने वाचा गरेको छ। गत महिना प्रकाशित आधिकारिक तथ्याङ्कअनुसार चीनले यस वर्ष 'करिब पाँच प्रतिशत' कूल गार्हस्थ्य उत्पादन (जिडिपी) वृद्धिको लक्ष्य राखेको छ। यद्यपि दोस्रो त्रैमासिकमा उसको वृद्धि वार्षिक आधारमा द्रुतरूपमा घटेर चार दशमलव सात प्रतिशत भएको छ। रियल स्टेटमा लामो समयदेखि जारी ऋण सङ्कटले जिडिपी वृद्धि प्रभावित भएको छ। रियल स्टेट क्षेत्र जिडिपीको एक चौथाई हिस्सा हो।

# पेरिस ओलम्पिक : शनिबारसम्मको खेलमा चीन शीर्ष स्थानमा



एएफपी

पेरिस। शनिबारका विभिन्न स्पर्धापछि पेरिस ओलम्पिक खेलमा चीनले १६ स्वर्ण, १२ रजत र नौ कास्यसहित सबैभन्दा बढी ३७ पदकसहित अङ्क तालिकामा शीर्ष स्थानमा रहेको छ। दोस्रोमा संयुक्त राज्य अमेरिकाले १४ स्वर्ण, २४ रजत र २३ कास्यसहित कुल ६१ पदक हात पारेको छ भने फ्रान्सले १२ स्वर्ण, १४ रजत र १५ कास्य पदकसहित कुल ४१ पदक जित्दै अहिलेसम्मको पदक तालिकामा तेस्रो स्थान हासिल गरेको छ।

त्यसैगरी, चौँथो स्थानमा रहेको अष्ट्रेलियाले १२ स्वर्ण, आठ रजत र सात कास्यसहित २७ पदक जितेको छ भने पाँचौ स्थानमा बेलायतले १० स्वर्ण, १० रजत र १३ कास्यसहित कुल ३३ पदक जितेको छ। पदक तालिकामा छैठौँ स्थानमा रहेको दक्षिण कोरियाले नौ स्वर्ण, सात रजत र र पाँच कास्यसहित कुल २२ पदक जितेको छ भने जापानले आठ स्वर्ण, पाँच रजत र नौ कास्यसहित २२ पदक जित्दै सातौँ स्थानमा रहन सफल भएको छ।

आठौँ स्थानमा रहेको इटालीले छ स्वर्ण आठ रजत र पाँच कास्यसहित कुल १९ पदक जितेको छ भने नेदरल्यान्डसले छ स्वर्ण, चार रजत र चार कास्यसहित कुल १४ पदक जित्दै नवौँ स्थानमा रहेको छ। क्यानडाले चार स्वर्ण, चार रजत र सात कास्यसहित कुल १५ पदक जितेर शीर्ष दशमध्ये अन्तिम स्थानमा पर्न सफल भएको छ।रासस

# भेनेजुएलालाई मतदानको रेकर्ड सार्वजनिक गर्न युरोपेली संघका सात राष्ट्रको आग्रह



एएफपी

रोम । युरोपेली सङ्घ (ईयू) का सात राष्ट्रका नेताहरूले भेनेजुएलालाई 'निर्वाचन प्रक्रियाको पूर्ण पारदर्शिता र सत्यनिष्ठा' देखाउन मतदानको विवरण सार्वजनिक गर्न शनिबार आग्रह गरेका छन् ।फ्रान्स, जर्मनी, इटाली, नेदरल्याण्ड्स, पोल्याण्ड, पोर्चुगल र स्पेनले जारी गरेको वक्तव्यमा राष्ट्रपति चुनावपछिको देशको अवस्थाबारे 'कडा चिन्ता' व्यक्त गरिएको छ।

राष्ट्रपति निकोलस मदुरोले गत साताको मतदानमा विजयी भएको दाबी गरेका थिए तर विपक्षीले भने एडमुन्डो गोन्जालेज उरुटियाविजयी भएको दाबी गर्दै आधिकारिक नतिजाको विरोध गरेका छन् ।"हामी भेनेजुएलाका अधिकारीहरूलाई मतदानसम्बन्धी सबै विवरण तत्काल सार्वजनिक गर्न आग्रह गर्दछौं," सात देशका नेताहरूले जारी गरेको विज्ञप्तिमा भनिएको छाभेनेजुएलाका जनताको इच्छालाई मान्यता दिन यस्तो कदम चाल्नु आवश्यक रहेको विज्ञप्तिमा उल्लेख छ।

"भेनेजुएलाका विशेषगरी विपक्षी राजनीतिक नेता र सबै नागरिकको अधिकारलाई यस प्रक्रियामा सम्मान गर्नैपर्छ ।विज्ञप्तिमा भनिएको छ, "हामी उनीहरूविरुद्ध कुनै पनि गिरफ्तारी वा धम्कीको कडा शब्दमा निन्दा गर्दछौं, अधिकारीहरूले जनताको 'शान्तिपूर्ण रूपमा विरोध प्रदर्शन गर्ने र भेला हुने अधिकार' को सम्मान गर्नुपर्छ ।भेनेजुएलाका हजारौँ नागरिकले मादुरोले चुनाव जितेको दाबीलाई चुनौती दिन देशभर भेला भएका बेला उक्त वक्तव्य आएको हो।

राष्ट्रपतिप्रति वफादार रहेको सीएनई निर्वाचन प्राधिकरणले शुक्रबार मादुरोको विजयलाई अनुमोदन गरेपछि सुरु भएको प्रदर्शनमा ११ जनाको मृत्यु हुनुका साथै एक हजारभन्दा बढीलाई हिरासतमा लिइएको बताइएको छ ।संयुक्त राज्य अमेरिका र ल्याटिन अमेरिकी छिमेकी अर्जेन्टिना, कोस्टारिका, पानामा, इक्वेडर र उरुग्वेलगायत देशहरूले उक्त नतिजालाई अस्वीकार गरिसकेका छन् ।भेनेजुयलाको विपक्षी दलले आफ्नो उम्मेदवार गोन्जालेज उरुटिया स्पष्ट रुपमा विजयी भएको दावी गर्दै आएको छ।

# बङ्गलादेशमा प्रधानमन्त्रीको राजीनामा माग गर्दै विरोध प्रदर्शन जारी

एएफपी

ढाका । हजारौँ बङ्गलादेशी प्रदर्शनकारीहरू प्रधानमन्त्री शेख हसिनाको राजीनामा माग गर्दै सामुहिक विरोध प्रदर्शनका लागि आइतबार मध्य ढाकामा भेला भएका छन् । प्रधानमन्त्री हसिनाको राजीनामाको माग गर्दै प्रदर्शनमा उत्रिएका हजारौं प्रदर्शनकारी र सरकारबीच आइतबार झडप हुँदा थप आठ जनाको मृत्यु भएको छ। सरकारी सेवामा आरक्षण प्रणालीविरुद्धको ऱ्यालीका क्रममा जुलाईदेखि शनिबारसम्म भएका हुलदङ्गामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ।




राष्ट्र्व्यापी नागरिक अवज्ञा अभियानका प्रमुख प्रदर्शनकारीमध्ये एक आसिफ महमुदले समर्थकहरूलाई सरकारविरुद्ध लड्न तयार हुन आग्रह गर्नुभएको छ ।"बङ्गलादेशलाई स्वतन्त्र बनाउने तयारी गर्नुहोस्," उहाँले आइतबार सामाजिक सञ्जाल फेसबुकमा लेख्नुभएको छ । सेनाले आरक्षण प्रणालीको चर्को विरोधका बीच सरकार पुनर्स्थापना गर्न मद्दत गरिरहेको बेला केही पूर्व सैन्य अधिकारीहरू भने विद्यार्थी आन्दोलनमा सामेल भएका छन्।

पूर्व सेना प्रमुख जनरल इकबाल करिम भुइयाँले प्रदर्शनसँग समर्थित रहेको प्रतिबिम्बित गर्दै आफ्नो फेसबुक प्रोफाइल तस्बिर रातो बनाउनुभएको छ ।वर्तमान सेना प्रमुख वाकर-उज-जमानले शनिबार ढाकाको सैन्य मुख्यालयमा अधिकारीसँग कुरा गर्दै भन्नुभयो "बङ्गलादेशी सेना जनताको विश्वासको प्रतीक हो।""हामी सँधै जनताको पक्षमा उभिएका छौ र जनताको हित र राज्यको कुनै पनि आवश्यकताको समयमा जनताको साथमा हुनेछौँ," शनिबार जारी भएको सेनाको विज्ञप्तिमा उहाँले भन्नुभयो।

विज्ञप्तिमा सेनाले विरोध प्रदर्शनलाई समर्थन गरेको छ वा छैन भनेर स्पष्ट रूपमा भनिएको छैन ।सरकारी सेवामा आरक्षण प्रणाली विरुद्धको ऱ्यालीले जुलाईमा निम्त्याएको हुलदङ्गामा २०० भन्दा बढी व्यक्तिको ज्यान गएको छ।

सेनाले केही समयका लागि आन्दोलनको अवस्था शान्त बनाएर व्यवस्था पुनःस्थापित गरेको भएतापनि प्रधानमन्त्रीको राजीनामाको माग गर्दै यस हप्ता ठूलो सङ्ख्यामा जनता पुनः सडकमा फर्किएका छन्।

# पुटिनद्वारा अन्तर्राष्ट्रिय 'सिमलेस रेल' योजनाको घोषणा

सिन्ह्वा

मस्को ।रूसी राष्ट्रपति भ्लादिमिर पुटिनले आइतबार अन्तर्राष्ट्रिय यातायात कोरिडोरको विकास गर्ने योजना सार्वजनिक गर्नुभएको छ।

"हामी बाल्टिक र बेरेन्ट्स समुद्रबाट फारसको खाडी र हिन्द महासागरको किनारसम्म 'सिमलेस रेल' सञ्चार स्थापना गर्ने लक्ष्य राखेका छौँ," रूसी राष्ट्रपति पुटिनले अगस्ट ४ अर्थात् रूसको रेलवे श्रमिक दिवसको अवसरमा एक भिडियो सम्बोधनमा भन्नुभयो। नेता पुटिनले भन्नुभयो, "यी वास्तवमै महान् कार्य हुन् र मलाई विश्वास छ कि तपाईहरूको विशेषज्ञता, अनुभव र राष्ट्रको हितप्रतिको प्रतिबद्धताले हामी ती हासिल गर्नेछौँ।"सो अवसरमा उहाँले मस्कोमा प्रमुख केन्द्रीय यातायात मार्गसँग एकीकृत हुने उच्च गतिको रेलवे, अन्तर्राष्ट्रिय रसद कोरिडोर र अजोभबाट ब्ल्याक सीतर्फको यातायात मार्गको वृद्धिसहित प्रमुख परियोजनाहरूको रूपरेखा पनि प्रस्तुत गर्नुभएको थियो।

पुटिनले भन्नुभयो, "हामीले नवीनतम् आविष्कारहरूको प्रयोग गरेर उन्नत प्राविधिक उन्नयनको साथ रूसको रेलवे पूर्वाधारको विस्तारलाई गति दिन आवश्यक छ।

"हाम्रो दृष्टिकोण वर्तमान आवश्यकताहरू मात्र पूरा गर्नमा केन्द्रित छैन। हामी भविष्यका मागहरूको लागि पनि तयार हुनुपर्छ जसले आगामी दशकहरूको लागि प्रगति सुनिश्चित गर्दछ ।रासस

# मध्य भारतमा धार्मिक कार्यक्रममा पर्खाल भत्किँदा नौ बालबालिकाको मृत्यु

सिन्ह्वा

नयाँदिल्ली। भारतको मध्य प्रदेश राज्यमा एक धार्मिक कार्यक्रमका क्रममा पर्खाल भत्किँदा कम्तीमा नौ बालबालिकाको मृत्यु हुनुका साथै अन्य कैयौँ घाइते भएका छन्। मध्य प्रदेशको राजधानी भोपालबाट करिब २०५ किलोमिटर उत्तरपूर्वमा पर्ने सागर जिल्लाको शाहपुर गाउँमा पर्खाल भत्किएको हो।

"आइतबार शाहपुरको हरदौल बाबा मन्दिर नजिकै भएको दुःखद घटनामा १० देखि १५ वर्ष उमेर समूहका नौ बालबालिकाको मृत्यु भएको छ भने कैयौँ घाइते भएका छन् । मन्दिरको छेउमा रहेको घरको भित्ता ढल्दा धार्मिक कार्यक्रममा सहभागी हुनका लागि मानिसहरू मन्दिरमा जम्मा भएका थिए," एक



प्रहरी अधिकारीले भने ।पचास वर्ष पुरानो र जीर्ण घर बर्खायाममा भारी वर्षाका कारण भत्किएको उहाँले बताउनुभयो।


घटना लगत्तै उद्धार र भग्नावशेषमुनिबाट मृतकलाई निकाल्न प्रकोप प्रतिकार्य बलका जवानहरू र प्रहरी टोलीहरू घटनास्थलमा पठाइएको अधिकारीहरूले जनाएका छन् । घाइते बालबालिकालाई उपचारका लागि अस्पताल लगिएको छ । त्यसैगरी, शनिबार भएको राज्यको रीवा जिल्लामा एक अर्को घरको पर्खाल भत्किँदा चार बालबालिकाको मृत्यु भएको छ । पाँचदेखि सात वर्ष उमेर समूहका ती बालबालिका विद्यालयबाट फर्कँदै गर्दा पर्खाल भत्किएको थियो

# टर्कीएमा लगातार तेस्रो दिन इन्स्टाग्राम अवरुद्ध

एएफपी

अङ्कारा। टर्कीएका एक उच्च पदस्थ अधिकारीले अमेरिकी कम्पनीविरुद्ध सेन्सरशिपको आरोप लगाएका कारण टर्कीएका इन्स्टाग्राम प्रयोगकर्ताहरूले आइतबार पनि लगातार तेस्रो दिन सामाजिक सञ्जाल इन्स्टाग्राम अवरुद्ध भएको बताएका छन्। बिटिके सञ्चार प्राधिकरणले आफ्नो वेबसाइटमार्फत शुक्रबार मेटाको स्वामित्वमा रहेको प्लेटफर्मलाई बिना कुनै स्पष्टीकरण अवरुद्ध गरिएको घोषणा गरेको हो। यसको सन्दर्भमा एक अधिकारीले 'आपराधिक सामग्री' सम्प्रेषण गर्ने कुनैपनि माध्यमलाई अवरुद्ध गर्न अनुमति दिने नियमलाई उल्लेख गर्नुभयो। रासस

श्रद्धा सुमन



जन्म
वि.स. १९८५

स्वर्गारोहण
वि.स.२०८०/०४/३२

स्व.रामचन्द्र साह (श्रावण शुक्ल प्रतिपदा)

यस श्री धर्म संस्थाका पूर्व सभापति **स्व.रामचन्द्र साह**को आज **प्रथम स्मृति दिवस**को अवसरमा दिवंगत आत्माको चिर शान्तिको लागि जगत जननी माता जानकी जी संग प्रार्थना गर्दै श्रद्धा सुमन अर्पण गर्दछौ ।

राम पल्टन साह, सचिव
प्रभाकर प्रसाद साह, उपसभापति
तारा चन्द्र प्रसाद साह, सभापति
एवं
श्री धर्म संस्था (रामस्वरूप साह , रामसागर साह)
मिल्स एरिया जनकपुरधाम-१ परिवार

# बाँके निकुञ्जमा पर्यटकको संख्या वृद्धि




राँझा । बाँके राष्ट्रिय निकुञ्ज घुम्न आउने पर्यटकको संख्या बर्सेनि वृद्धि हुँदै गएको छ । निकुञ्जभित्र रहेका प्राकृतिक सम्पदा, वन्यजन्तु र पर्यटकीय क्षेत्रको अवलोकन गर्न आन्तरिक तथा बाह्य पर्यटक यहाँ आउने गरेका हुन् ।

गत आर्थिक वर्षमा चार सय ४४ पर्यटक भित्रिएका निकुञ्जका प्रमुख वरिष्ठ संरक्षण अधिकृत मनोजकुमार शाहले जानकारी दिनुभयो । उहाँका अनुसार तीमध्ये चारजना सार्क मुलुक र १० जना विदेशी पर्यटक छन् । आर्थिक वर्ष २०७९/८० मा तीन सय १७ पर्यटक आएका जनाउँदै अघिल्लो आवको तुलनामा गत आवमा एक सय २७ बढी पर्यटक भित्रिएका शाहले बताउनुभयो ।पर्यटक प्रवेश शुल्कबाट निकुञ्जले गत आवमा रु एक लाख ८३ हजार तीन सय ३३ राजस्व सङ्कलन गरेको छ । निकुञ्जमा जङ्गल वाक, जिप सफारी, हात्ती सफारी, चरा अवलोकन, क्याम्पिङ, हाइकिङका लागि पर्यटक आउने गरेका संरक्षण अधिकृत शाहले जानकारी दिनुभयो ।

"बाँके राष्ट्रिय निकुञ्जमा स्थापना भएपछि हालसम्म दुई हजार ५२ पर्यटक भित्रिएका छन् । जसमध्ये सार्क मुलुकका १७ र ३८ जना अन्य विदेशी पर्यटक छन् । निकुञ्जमा सबैभन्दा धेरै गत आवमा पर्यटक भित्रिएका हुन्", संरक्षण अधिकृत शाहले भन्नुभयो । बाँके, कर्णाली र सुदूरपश्चिम प्रदेशको प्रवेश बिन्दुका रूपमा रहेकाले पर्यटकलाई पूर्व-पश्चिम राजमार्ग भएर ओहोरदोहोर गर्न, निकुञ्ज घुमफिर गरेर फर्किन सहज वातावरण मिलाइएको उहाँको भनाइ छ ।

विसं २०६७ मा स्थापना भएको बाँके राष्ट्रिय निकुञ्ज मूलतः पाटेबाघको बासस्थानका रुपमा चिनिन्छ । हाल निकुञ्जमा २१ वटा बाघ छन् । नेपालगञ्ज विमानस्थलबाट १५ किलोमिटर दूरीमा निकुञ्ज छ । पूर्व-पश्चिम राजमार्गअन्तर्गत दायाँबायाँ संरक्षित क्षेत्र रहेको छ । स्थल र हवाईमार्गबाट सहजै यहाँ आउन सकिन्छ ।भारत ओहोरदोहोर हुने सीमा नजिकै छ । यस्तै अनुकूलताले मुलुकको कान्छो निकुञ्ज घुम्न आउने पर्यटक बढ्न थालेका प्रमुख वरिष्ठ संरक्षण अधिकृत शाहले बताउनुभयो । यहाँका प्राकृतिक सम्पदा र वन्यजन्तुले पाहुनाको मन जित्न थालेको उहाँको बुझाइ छ ।

यही निकुञ्ज भएर मुलुकका विभिन्न जिल्ला आउजाउ गर्न सकिने भएकाले पर्यटकका लागि 'ट्रान्जिट प्वाइन्ट' का रूपमा विकास गर्न थालिएको होटल व्यवसायी महासङ्घ लुम्बिनीका संस्थापक अध्यक्ष भाष्कर काफ्लेले बताउनुभयो । "कम खर्चमा, छोटो समयमा पर्यटकले निकुञ्ज घुम्ने अवसर पाउने भएकाले यो निकुञ्ज पर्यटकको ट्रान्जिट प्वाइन्ट हुँदैछ", उहाँले भन्नुभयो, "पछिल्लो समय बाघको संख्या बढ्दै गएकाले पर्यटकको चहलपहल पनि बढेको छ ।"

मुख्य आकर्षण वन्यजन्तुसँगै यहाँको चुरिया रेञ्जको लोभलाग्दो दृश्य र त्यहाँ हाइकिङ गर्न सकिने हुँदा निकुञ्जमा पर्यटकको संख्या बढ्न थालेको गाभर भ्याली सामुदायिक घरबासका अध्यक्ष कृष्ण चौधरीले बताउनुभयो । आन्तरिक पर्यटकसमेत घुमफिर गर्न मन पराउन थालेपछि होमस्टे र निकुञ्जको महत्व बढ्दै गएको उहाँको अनुभव छ । बाँके निकुञ्जको मध्यवर्ती क्षेत्रमा गाभर होमस्टे, खड्कवार होमस्टे र नयाँगाउँ होमस्टे सञ्चालित छन् ।रासस

# ढुसीको सङ्क्रमणले धानबाली नष्ट



पर्वत । यहाँका कृषकले लगाएको धानबाली ढुसीको सङ्क्रमणले नष्ट हुन थालेको छ । धान रोपेको एक महिनामा ढुसी रोगका कारण धानका गाँजहरु मर्दै जान थालेपछि कृषक चिन्तित बनेका छन् ।

जिल्लाको फलेबास नगरपालिकाका सबैजसो वडा, कुश्मा, विहादी, महाशिलालगायत वडामा लगाइएको धानबालीमा जरा कुहिने रोग लागेको फलेबास नगरपालिकाकाको कृषि शाखा प्रमुख केदार सापकोटाले जानकारी दिनुभयो । 'फुट रुट' नामक उक्त रोग ढुसीका कारण लागेको र यसले कतिपय स्थानमा धानखेत रित्तिँदै जान थालेको उहाँले बताउनुभयो ।

सापकोटाका अनुसार अहिले यो समस्या देशव्यापी रुपमा देखापरेको छ । "यो रोग ढुसी नामक फुजारिएम मोनिलिफर्मबाट लाग्ने गर्दछ", उहाँले भन्नुभयो, "ब्याडमा कलिलो बिरुवादेखि खेतमा धान छिप्पिने बेलासम्म यो रोग देखापर्ने सम्भावना रहन्छ । यसलाई समयमै नियन्त्रण गर्न नसक्ने हो भने ठूलो नोक्सानी व्यहोर्नुपर्ने अवस्था आउँछ"जिल्लास्थित कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत सोविता सुवेदीले बीउको उपचार नगरिकन रोपाइँ गरिएकाले धानबालीमा ढुसी रोग फैलिएको बताउनुभयो । धानले गाँज राख्ने बेलामा रोग फैलिएकाले तत्काल उपचार गर्नुपर्ने उहाँको सुझाव छ । यो रोगबाट बाली जोगाउनका लागि रोगी बोट तत्कालै हटाउने, 'कार्बेन्डाजिम-५०५', 'डब्लु पी-९', 'बेभिष्टिन-०', लगायत ढुसीनाशक विषादी प्रयोग गर्नुपर्ने बाली संरक्षण अधिकृत सुवेदीले जानकारी दिनुभयो । ढुसीनाशक औषधि प्रयोग गर्दा दुई ग्राम प्रतिलिटर पानीका दरले एक रोपनी क्षेत्रफलमा २५ देखि ३० लिटरको घोल बनाएर १० दिनको फरकमा दुईदेखि तीन पटक छर्कनुपर्ने उहाँले बताउनुभयो । सुवेदीका अनुसार अपह्न्न ४ बजेपछि विषादी छर्किंदा उपयुक्त हुन्छ ।धमाधम धानका बोट मर्न थालेपछि खेत रित्तै हुन थालेको फलेबास-३ शङ्करपोखरीका कृषक शिव अधिकारीले बताउनुभयो । उहाँले धानमा रोग लागेपछि आफूले लगाएको पोखरेली जेठो बुढो, एक्ले, पहेँलेलगायत बाली नष्ट भएको गुनासो गर्नुभयो ।

फलेवास-९ भँगरामा मात्रै ९० रोपनी क्षेत्रफलमा गरिएको पोखरेली जेठोबूढो धानखेतीमा ढुसी र फट्याङ्गाले नष्ट गरेको कृषक लोकप्रसाद काफ्लेले बताउनुभयो । ठूलो लगानी गरेर धानखेती गरे पनि रोग लागेर नष्ट गरिदिएको उहाँको गुनासो छ । फलेबास नगरपालिकाको कृषि शाखाका अनुसार रैथाने जातका धान र खुमल-४ तथा जेठो बुढो धान लगाएका ठाउँमा ढुसीको सङ्क्रमण बढी देखिएको छ । रासस

# बाँझो जग्गा सदुपयोग गर्न फलफूल खेती

टक्सार । बाँझो रहेका जग्गाको सदुपयोग गर्दै भोजपुरका कृषक फलफूल खेतीमा जुटन थालेका छन् । वर्षौंदेखि बाँझिएका खेतीयोग्य जमिनमा लगाएको फलफूल खेतीबाट पर्याप्त आम्दानी हुन थालेपछि कृषक उत्साहित भएका छन् ।

ड्रागन फ्रुटको माग बढेसँगै भोजपुर नगरपालिका-१२ टक्सारको पिप्लेमा बाँझो रहेको एक सयभन्दा बढी रोपनी जग्गा भाडामा लिई 'भोजपुर ड्रागन फ्रुट कम्पनी'ले व्यावसायीकरुपमा खेती गरेको छ । झण्डै ५० रोपनी जग्गामा अहिले ड्रागन फ्रुटको खेती गरिएको छ । ड्रागन फ्रुटका आठ हजार बिरुवा रोपिएको सञ्चालक एक्सन राईले बताउनुभयो । यस वर्ष रु आठ लाखदेखि रु १० लाखसम्म आम्दानी हुने उहाँको अनुमान छ ।

यस्तै टेम्केमैयुङ गाउँपालिका-८ सल्लेनीमा ४२ रोपनी जग्गामा कृषक शम्भु नेपालले ड्रागन फ्रुट र कागती खेती गर्दै आउनुभएको छ । बाँझो जमीनमा चार वर्ष अघि 'दानाबोटे फलफूल तथा कृषि फर्म' दर्ता गरी कृषि कर्म सुरु गरेको उहाँले बताउनुभयो । नेपालले हाल वार्षिक रु सात लाखसम्म आम्दानी गर्दै आउनुभएको छ । सिँचाई अभाव, बसाइँसराईलगायत कारण बाँझिएका जमिनमा लगाइएको ड्रागन फ्रुट, एभोकाडो, कागती, टिमुर र किवीबाट वार्षिक मनग्य आम्दानी लिन थालेको कृषक कमल भुजेलले बताउनुभयो । जिल्लाको पूर्वीपौवादुङ्मा गाउँपालिकाको छोकिमालामा विगत पाँच वर्षदेखि बाँझिएको ३० रोपनी जग्गामा तीन वर्ष अघि कृषक भुजेलले टिमुर, एभोकाडोलगायतको खेती गर्दै आउनुभएको छ ।



गाउँघरमा रहेका बाँझो जग्गाको सही सदुपयोग गर्न सकिएमा यसले वैदेशिक रोजगारीमा जाने युवाको ध्यानसमेत तान्ने स्थानीय इन्द्र थापाले बताउनुभयो ।

अर्का कृषक हरि गौतमले पछिल्लो समयमा देखिएको कृषकमा फलफूल मोहले बाँझिएको जग्गाको सदुपयोग मात्र नभएर आम्दानीसमेत भइरहेको बताउनुभयो । यस्ता कृषकलाई स्थानीय, प्रदेश र सङ्घीय सरकारले प्रोत्साहन हुने गरी कार्यक्रम ल्याउन जरुरी रहेको उहाँको भनाइ छ ।रासस

# वन मासिनेक्रम बर्सेनि बढ्दै



गोदावरी । पछिल्लो समयमा विभिन्न नाममा कैलालीको वन क्षेत्र घट्दै जान थालेको छ । व्यक्ति विशेष, मुक्त कमैया, बाढीपीडित, सुकुम्बासी, पहिरोपीडितका नाममा तथा संस्थागत रूपमा वन क्षेत्र अतिक्रमण हुन थालेपछि वनको क्षेत्रफल घट्दै जान थालेको हो ।

बढ्दो वन अतिक्रणसँगै विभिन्न नाममा बर्सेनि कैलालीको वनको क्षेत्र घट्दै जान थालेपछि तराईमा बाढी र डुबानको खतरा बढ्दै गएको छ ।

कैलालीका १३ स्थानीय तहका विभिन्न स्थानमा वन अतिक्रमणगरी घरटहरा निर्माण भइरहे पनि डिभिजन वन कार्यालयले अतिक्रमण हटाउन चासो दिएको छैन ।

हरेक वर्ष जिल्लामा भइरहको अतिक्रमण हटाउन कार्ययोजना बनाएर बजेट विनियोजन गरिए पनि सो काम अघि बढ्न नसकेकामा संरक्षणर्मीले चिन्ता व्यक्त गर्दै आएका छन् । जिल्लाका गोदावरी नगरपालिका, गौरीगङ्गा नगरपालिका, घोडाघोडी नगरपालिका, लम्कीचुहा नगरपालिका, धनगढी उपमहानगरपालिकाको फूलबारी, कैलारी गाउँपालिकाको वसन्ता वनक्षेत्र, भजनी नगरपालिकालगायतका क्षेत्रमा वन अतिक्रमणगरी घरटहरा निर्माण गर्नेक्रम बढ्दै गएको जनाइएको छ ।

कैलालीमा सबैभन्दा बढी वसन्ता वनक्षेत्र बाढीपीडितका नाममा अतिक्रमणको चपेटामा परेको छ । वसन्ता क्षेत्रमा बाढीपीडितका नाममा हुलाकी मार्ग किनारमा वन अतिक्रमण गरी घरटहरा निर्माण गरिएका छन् । वन अतिक्रमणले वसन्ता जैविकमार्गको 'कनेक्टीभिटी' जोखिममा पर्नुका साथै वन क्षेत्र खण्डित भइरहेकाले वन्यजन्तुको बासस्थान विनाश भइरहेको, अवैध चोरी निकासी-तस्करी र शिकारलगायतका क्रियाकलापले वन संरक्षणमा चुनौती थपिएको डिभिजन वन कार्यालय धनगढीका डिभिजन वन अधिकृत रामचन्द्र कँडेलले बताउनुभयो । उहाँले वन अतिक्रमण हटाउन वन कार्यालयको एक्लो प्रयासले मात्र सम्भव नभएकाले राजनीतिक दलहरुको प्रतिबद्धतासहित सरोकारवाला निकायको सहयोग आवश्यक रहेको बताउनुभयो ।

> वन अतिक्रमणले वसन्ता जैविकमार्गको "कनेक्टीभिटी" जोखिममा पर्नुका साथै वन क्षेत्र खण्डित भइरहेकाले वन्यजन्तुको बासस्थान विनाश भइरहेको, अवैध चोरी निकासी-तस्करी र शिकारलगायतका क्रियाकलापले वन संरक्षणमा चुनौती थपिएको डिभिजन वन कार्यालय धनगढीका डिभिजन वन अधिकृत रामचन्द्र कँडेलले बताउनुभयो ।

कैलालीमा कूल क्षेत्रफलको दुई लाख पाँच हजार नौ सय ३९ हेक्टर वन रहेको छ । तराई र भावर क्षेत्रमा एक हजार नौ सय ३१ वर्गकिलोमिटर तथा चुरे क्षेत्रमा एक हजार तीन सय तीन दशमलव सात वर्ग किलोमिटर वन रहेको तथ्याङ्क छ ।

सुदूरपश्चिममा सबैभन्दा बढी वनक्षेत्र कैलाली र कञ्चनपुरमा रहेको छ । वन विनाश र अतिक्रमणको समस्या पनि अन्य जिल्लाको तुलनामा यी दुई जिल्लामा बढी रहेको तथ्याङ्कले देखाएको छ । कैलालीमा हालसम्म २५ हजार हेक्टर बढी वन क्षेत्र अतिक्रमण भएको अनुमान गरिएको छ । सरकारी तथ्याङ्कले भने २१ हजारभन्दा बढी वन अतिक्रमण भएको देखाउँछ । तथ्याङ्कले देशभरकै सबैभन्दा बढी कैलालीको वन क्षेत्र अतिक्रमण भएको देखाएको छ । कैलालीमा बढ्दो सहरीकरण, प्रदेशको राजधानी, स्वास्थ्य, शिक्षा, यातायातलगायत सुविधाका कारण पहाडबाट बसाइँ सर्ने दर अत्यधिक छ । रासस


## निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. १ घर भई हाल महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. १ बस्ने श्री नथुनी मण्डलको नाती श्री अनुप मण्डल धानुकको छोरा वर्ष ८१ को श्री कारी मण्डल धानुकको मिति २०८०/१०/२५ गते मृत्यु भएकोले यस बैंकमा रहेको निजको खाता नं. १८८१५२४१४१५२५९ मा भएको रकम भुक्तानी पाउँ भनि निज मृतकको छोरा श्री राम बाबु मण्डलले यस बैंक समक्ष निवेदन गरेको हुँदा निज खातावालाको नामको यस बैंकमा रहेको रकममा कसैको हकदावी भए बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ को दफा १११ बमोजिम अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्र आफ्नो हकदावीको सबूत प्रमाण सहित यस बैंकको उपरोक्त शाखामा हकदावी गर्न आउनुहोला । उक्त म्याद भित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन, २०७३ बमोजिम भईजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ । उल्लेखित म्याद भित्र दावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाबाट सम्बन्धित सबैलाई जानकारी गराईन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

**नेपाल एसबिआई बैंक लि.**
जनकपुर शाखा, जनकपुर-२, धनुषा
फोन ०४१-५९०२६१



## मल्टीपर्पस फाइनान्स लिमिटेड
## Multipurpose Finance Ltd.

कर्पोरेट कार्यालय: जनकपुरधाम ४, विधापति चौक, सम्पर्क नं. ०४१-५९११७०
Email: mfclfin43@gmail.com, website: www.multipurposefinance.com

### Condensed Statement of Financial Position (Quarterly)
As on Quarter Ended 31st Asar, 2081

Figures in NPR

| Particulars | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| **Assets** | | |
| Cash and cash equivalent | 561,142,236.24 | 448,355,205.00 |
| Due from Nepal Rastra Bank | 68,288,375.76 | 66,773,185.00 |
| Placement with Bank and Financial Institutions | - | - |
| Derivative financial instruments | - | - |
| Other trading assets | - | - |
| Unaudited Financial Results (Quarterly) | - | - |
| Loans and advances to customers | 1,445,675,318.32 | 1,182,546,329.00 |
| Investment in securities | 292,861,888.01 | 152,651,789.00 |
| Current Tax Assets | 3,840,393.07 | 7,051,105.87 |
| Investment in subsidaries | - | - |
| Investment in Associates | - | - |
| Investment property | 11,623,000.00 | 11,961,501.00 |
| Property and equipment | 188,448,023.50 | 191,839,718.00 |
| Goodwill and Intangible Assets | 1,539,002.34 | 1,878,095.00 |
| Deferred tax assets | 2,966,752.49 | 2,966,752.49 |
| Other assets | 32,481,821.56 | 11,498,593.00 |
| **Total Assets** | **2,608,866,811.29** | **2,077,522,273.36** |
| Liabilities and Equity | | |
| Liabilities: | | |
| Due to Bank and Financial Institutions | - | - |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial instruments | - | - |
| Deposit from customers | 1,870,250,256.51 | 1,530,875,576.00 |
| Borrowings | - | - |
| Current Tax Liabilities | - | - |
| Provisions | - | 141,600.00 |
| Deferred tax liabilities | | |
| Other liabilities | 39,950,769.85 | 36,472,262.00 |
| Debt securities issued | | |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **1,910,201,026.36** | **1,567,489,438.00** |
| **Equity:** | | |
| Share Capital | 610,200,000.00 | 452,000,000.00 |
| Share premium | 10,540,719.46 | |
| Retained earning | 14,956,967.68 | (1,317,455.28) |
| Reserves | 62,968,097.54 | 59,350,290.00 |
| Total equity attributabe to equity holders | 698,665,784.68 | 510,032,834.72 |
| Non-controlling interests | - | - |
| **Total equity** | **698,665,784.68** | **510,032,834.72** |
| **Total Equity & Liabilities** | **2,608,866,811.29** | **2,077,522,273.36** |

### Condensed Statement of Profit or Loss
For the Quarter Ended 31st Asar, 2081

| Particulars | Current Year | | Previous year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Quarter(YTD) | This Quarter | Up to this Quarter(YTD) |
| Interest Income | 63,311,973.41 | 236,266,700.02 | 56,705,645.03 | 181,572,731.09 |
| Interest Expense | 35,154,335.25 | 146,023,847.97 | 37,575,220.53 | 133,264,344.53 |
| **Net interest income** | **28,157,638.16** | **90,242,852.05** | **19,130,424.50** | **48,308,386.56** |
| Fees and Commission Income | - | 12,238,876.65 | 3,421,438.50 | 11,178,321.16 |
| Fees and Commission Expense | - | - | - | - |
| **Net fee and Commission income** | **-** | **12,238,876.65** | **3,421,438.50** | **11,178,321.16** |
| **Net interest fee and commission income** | **28,157,638.16** | **102,481,728.70** | **22,551,863.00** | **59,486,707.72** |
| Net Trading Income | - | - | - | - |
| Other Operating Income | 13,331,319.83 | 13,331,319.83 | - | 1,414,385.16 |
| **Total operating income** | **41,488,957.99** | **115,813,048.53** | **22,551,863.00** | **60,901,092.88** |
| Impairment charge/(reversal) for loans and other losses | 17,650,471.56 | 37,578,489.17 | 3,302,136.00 | 7,671,938.35 |
| **Net Operating income** | **23,838,486.43** | **78,234,559.36** | **19,249,727.00** | **53,229,154.53** |
| **Personnel Expense** | **11,821,004.10** | **29,232,087.80** | **8,783,447.00** | **24,241,577.72** |
| Other Operating Expenses | 4,636,042.88 | 17,090,192.14 | 4,827,027.00 | 14,113,697.88 |
| Depreciation and amortisation | 1,284,248.52 | 5,095,814.89 | 4,745,934.00 | 5,940,023.84 |
| Operating expenses | 17,741,295.50 | 51,418,094.83 | 18,356,408.00 | 44,295,299.44 |
| **Net operating Profit** | **6,097,190.93** | **26,816,464.53** | **893,319.00** | **8,933,855.09** |
| Non operating income | - | 3,899,070.00 | - | - |
| Non operating expense | - | 1,654,065.00 | - | - |
| **Profit before income tax** | **6,097,190.93** | **29,061,469.53** | **893,319.00** | **8,933,855.09** |
| Income tax expense | 1,829,157.58 | 8,718,440.86 | 267,996.00 | 317,810.64 |
| Current tax | 1,829,157.58 | 8,718,440.86 | 267,996.00 | 746,408.78 |
| Deferred tax | - | - | - | (428,598.15) |
| **Profit for the year** | **4,268,033.35** | **20,343,028.67** | **625,323.00** | **8,616,044.46** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to this Quarter(YTD) | This Quarter | Up to this Quarter(YTD) |
| Profit for the period | 4,268,033.35 | 20,343,028.67 | 625,323.00 | 8,616,044.46 |
| Other comprehensive income: | - | 10,540,719.46 | -6,379,271.00 | 2,959,362.55 |
| Total comprehensive income | 4,268,033.35 | 30,883,748.13 | -5,753,948.00 | 11,575,407.01 |
| Basic Earning Per Share | | 5.06 | | 1.91 |
| Diluted Earning Per Share | | 5.06 | | 1.91 |
| Profit attributable to: | | | | |
| Equity holders of the bank | 4,268,033.35 | 30,883,748.13 | -5,753,948.00 | 11,575,407.01 |
| Non-controlling interests | | | | |
| **Total** | **4,268,033.35** | **30,883,748.13** | **-5,753,948.00** | **11,575,407.01** |

### Ratios as per NRB Directives

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Up to This Quarter(YTD) | This Quarter | Up to This Quarter(YTD) |
| Capital Fund to RWA | | 36.30% | | 28.61% |
| Non-Performing Loan (NPL) to Total Loan | | 4.60% | | 0.89% |
| Total Loan Loss Provision to Total NPL | | 87.58% | | 210.48% |
| Cost of Funds | | 8.39% | | 10.11% |
| Credit to Deposit Ratio | | 77.30% | | 77.25% |
| Base Rate | | 11.87% | | 13.94% |
| Interest Rate Spread | | 4.51% | | 4.56% |

### Notes to Financial Statement

1. Above Financial statements are prepared in accordance with the Nepal Financial Reporting Standards (NFRS) and certain carve-outs as issued by ICAN.
2. These figures may vary with the audited figures at the instance of external auditor and regulator.
3. Figures have regrouped and rearranged whenever necessary.
4. Loans & advances consist of accrued interest receivable net of interest suspense and have been presented in net of any impairment charges. Impairment charge on loans and advances have been taken as calculated as per NRB Directives using Carve-Outs no.5 issued by Institute of Chartered Accountants of Nepal (ICAN) being higher of impairment charges calculated as per NAS 39.
5. Loans and Advances to customers include loan to customers and loan to employees which have been measured at amortized cost.
6. NFRS adjustements which are subject to regulatory adjustments as per NRB Directives have been shown as regulatory adjustments.
7. The detailed Interim report has been published in the Financial Institution website https://multipurposefinance.com

**धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३को नियम २६ को उपनियम (१) अनुसूची १४ सँग सम्बन्धित त्रैमासिक प्रतिवेदन । (आ.व.२०८०/८१ को चौथो त्रैमासिक विवरण)**

१. **वित्तीय विवरण:**

क. **त्रैमासिक अवधिको वासलात, नाफा नोक्सान सम्बन्धी विवरण:**
आर्थिक बर्ष २०८०/८१ को चौथौ त्रैमासिक अवधिको अपरिष्कृत (Unaudited) वासलात तथा नाफा नोक्सान सम्बन्धी विवरण यसै साथ प्रकाशित गरिएको छ र यस वित्तीय संस्थाको वेभसाइट: https://multipurposefinance.com मा पनि राखिएको छ ।

ख. **प्रमुख वित्तीय अनुपातहरु:**

| | | | |
|---|---|---|---|
| प्रति शेयर नेटवर्थ | ११४.५ | प्रति शेयर आम्दानी (वार्षिक) | ५.०६ |
| मूल्य आम्दानी अनुपात | १०४.६२ | तरलता अनुपात | ३० |
| प्रति शेयर कुल सम्पत्तिको मूल्य | ४२७.५४ | | |

२. **व्यवस्थापकीय विश्लेषण:**

क. यस वित्तीय संस्थाको हालसम्मको समग्र व्यवसायिक तथा वित्तीय स्थिती व्यवस्थापनको योजना अनुरुप नै रहेको छ । यस वित्तीय संस्थाले व्यवसायको विकास र विस्तारका लागि नयाँ नयाँ योजना र कार्यक्रमको खोजी गर्ने क्रममा लगानीका क्षेत्रहरुको विस्तार, व्यवसायिक संजालको वृद्धि, विविधिकरण र गुणस्तरिय सेवा प्रदान गर्ने उद्देश्य लिई सोहि बमोजिम कार्य सम्पादन गर्दै आएको छ । यस समीक्षा अवधिमा बजारमा देखिएको तरलता समस्याको कारण वित्तीय संस्थामा निक्षेप उत्साहजनक रुपले वृद्धि नभएकोले कर्जा लगानी पनि सन्तोषजनक रुपमा वृद्धि नभएको तर आउँदो त्रैमासमा निक्षेप, कर्जा लगानी तथा असुली सन्तोषजनक भई यी सुचकहरु सुधार हुने व्यवस्थापनको अनुमान रहेको छ ।

ख. आगामी दिनहरुमा गुणस्तरीय सेवा वृद्धि गर्नुका साथै समय सापेक्ष व्यवसायिक योजनाको तर्जुमा तथा कार्यान्वयन गर्ने, लगानीका नयाँ क्षेत्रहरुको खोजी गर्ने, नयाँ शाखाहरुको स्थापना गर्ने र व्यवसायिक विविधीकरण तथा ग्राहकको चाहना बमोजिम आधुनिक बैंकिङ्ग तथा वित्तीय सेवा तथा सुविधाहरु उपलब्ध गराउने जस्ता कुराहरुमा वित्तीय संस्थाको व्यवस्थापन प्रतिबद्ध छ ।

ग. यस वित्तीय संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था समीक्षा अवधिमा नरहेको ।

३. **कानूनी कारवाही सम्बन्धी विवरण:**

क. यस त्रैमासिक अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर नगरेको र वित्तीय संस्था विरुद्ध मुद्दा दायर भएको कुनै पनि सूचना प्राप्त नभएको ।

ख. वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नआएको ।

ग. कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारीमा नरहेको ।

४. **वित्तीय संस्थाको शेयर कारोवार सम्बन्धी बिश्लेषण:**

क. नेपाल स्टक एक्सचेन्ज लि. तथा धितोपत्र बोर्डको व्यवस्थाको अधिनमा रही कारोवार रहेको ।

ख. यस अवधिमा शेयरको अधिकत्तम, न्यूनत्तम, अन्तिम मूल्य कारोवार भएको कुल दिन तथा कारोवार संख्या (नेपाल स्टक एक्सचेन्ज लि. को वेभसाइट अनुसार):

| | | | |
|---|---|---|---|
| अधिकत्तम मूल्य | ५५१ | कारोबार भएको कुल दिन | ६१ |
| न्यूनत्तम मूल्य | ३६२.५० | कारोबार संख्या | २५६१२ |
| अन्तिम मूल्य | ५२९.५० | कारोबार भएको कित्ता संख्या | ५१८१५३२ |

५. **समस्या तथा चुनौती:**
वित्तीय क्षेत्रमा भएको बढदो प्रतिस्पर्धा र अर्थतन्त्रमा आएको संकुचनको कारण कर्जा मागमा कमी आई सम्पूर्ण आर्थिक कारोवारहरु मन्द रहेको । साथै, लगानी योग्य उत्पादनशील क्षेत्रको अभाव, दक्ष जनशक्तिको व्यवस्थापन, न्यून आर्थिक वृद्धिदर, घरजग्गाको कारोवारमा आएको मन्दी आदिबाट श्रृजना हुनसक्ने जोखिमलाई कम्पनीले समस्या तथा चुनौतीको रुपमा लिएको छ । काबुभन्दा बाहिरका परिस्थिती बाहेक उपरोक्त चुनौंती तथा समस्या समाधान गर्न आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त दुरुस्त गरी ग्राहकमुखी सेवा प्रदान गर्ने तथा दक्ष जनशक्ति व्यवस्थापन गर्ने रणनीति कम्पनीले लिएको छ ।

६. **संस्थागत सुशासन:**
यस वित्तीय संस्थाले संस्थागत सुशासन सम्बन्धी नेपाल राष्ट्र बैंक लगायत सम्बन्धित नियमनकारी निकायहरुबाट प्राप्त मार्ग निर्देशनहरु उच्च प्राथमिकताका साथ पालना गर्दै आएको छ । वित्तीय संस्थाको सुशासन अभिवृद्धि एवं वित्तीय संस्थाले गर्ने कार्यहरु पारदर्शी एवं नियम संगत गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धीकरण निवारण सम्बन्धी समिति र कर्मचारी व्यवस्थापन तथा सेवा सुविधा समिति क्रियाशील रहेको छ । आन्तरिक नियन्त्रण प्रणालीलाई व्यवस्थित गर्न आन्तरिक लेखापरीक्षक नियुक्त गरिएको र आन्तरिक लेखापरीक्षण गरीलेखापरीक्षकले दिएको सुझाव तथा सल्लाहहरु व्यवस्थापन मार्फत कार्यान्वयन तथा समीक्षा गर्न लेखापरीक्षण समिति क्रियाशील रहेको छ । वित्तीय संस्थाको कारोवारलाई व्यवस्थित गर्न आन्तरिक नीति, नियम तथा निर्देशनहरु तर्जुमा गरी लागू गरिएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण:**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरुको शुद्धता सम्बन्धमा म व्यक्तिगत रुपमा उत्तरदायित्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य, तथ्य र पूर्ण छन र लगानीकर्ताहरुलाई सूसुचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन ।

# प्रक्रिया विपरीत गरिएको गाउँसभा विरुद्धमा प्रदर्शन



टुडे समाचारदाता

राजविराज । प्रक्रिया विपरीत गरिएको गाउँसभा विरुद्धमा राजविराजमा प्रदर्शन गरिएको छ।

राजविराजमा आइतबार बहुमत नै नपुऱ्याइ गरिएको गाउँसभा रद्दसहित ८ बुँदे माग अघि सार्दै राजविराजमा प्रदर्शन गरिएको छ।

सप्तरीको राजगढ गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयवासीको सहभागितामा प्रदर्शन गरिएको छ।

गाउँपालिकाका जनप्रतिनिधि र स्थानीयवासीले राजविराज नगरको प्रदर्शन गर्दै सप्तरीका प्रमुख जिल्ला अधिकारी तथा प्रहरी उपरीक्षकलाई आवश्यक पहल गरी दिनका लागि ज्ञापनपत्रसमेत बुझाएको छ।

राजगढ नगरपालिका वडा नं. ५ का वडाअध्यक्ष ७३ वर्षीय दुखीलाल भनिने देवेन्द्र प्रसाद साहको अगुवाइमा भएको प्रदर्शनकारीहरुको समूहले सप्तरीका प्रमुख जिल्ला अधिकारी मेख बहादुर मंग्राती तथा प्रहरी उपरिक्षक गजुसिद्धी बज्राचार्यलाई ज्ञापन पत्र बुझाएका छन्।

सो ज्ञापन पत्रमार्फत साउन १० गते सम्पन्न गरिएको राजगढ नगरपालिकाको १३ औं गाउँसभा ऐन कानुन विपरीत भएको दाबी गर्दै पुनः गाँउसभा गर्नुपर्ने माग गरेका छन्।

ज्ञापनपत्रमा गाउँपालिकाका अध्यक्ष ओम प्रकाश मण्डलले स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ९ को दफा ६५ र दफा ६७ बमोजिम समितिबाट निर्णय नै न गराई मनपरी र एक पक्षीय ढंगले गाउँसभा गरेकाले सोको बदर नगरिए चरणबद्ध आन्दोलनमा जाने चेतावनी दिएका छन्।

गाउँसभामा कुल ३४ जना कार्यपालिका सदस्य रहेकोमा १ जनाको निधन भइ हाल ३३ जना मात्र सदस्य कायम छन्। जसमध्ये १७ जनाले गत साउन १० गते सम्पन्न भएको गाउँसभालाई अवैधानिक भन्दै ज्ञापनपत्रमा हस्ताक्षर गरी अर्को गाउँसभा गर्नुपर्ने माग गरेका छन्। त्यस्तै ज्ञापनपत्रमार्फत पालिकाको ०७९/०८० र ०८०/०८१ को आय-ब्यय तथा लेखा परिक्षण प्रतिवेदन सार्वजनिक गर्नुपर्ने, पालिकामा कार्यरत कर्मचारीको विवरण उपलब्ध गराउनु पर्ने, पालिकाकाको आफ्नै एउटा स्कारपियो हुदा हुदै थप २ वटा स्कारपियो गाडी भाडामा लिनुको कारण खुलाउनु पर्ने तथा करार पदमा नियुक्त भएका स्वयसेवक शिक्षक तथा प्रशासनिक सहायक पदका कर्मचारीहरुले लामो समय देखि नपाएको तलब सुविधा यथाशीघ्र उपलब्ध गराउनु पर्ने लगायतका माग पनि अघि सारिएको छ।

सो टोलीमा सहभागी स्थानीय समाजसेवी रामकान्त यादवले २२ गते मंगलवार गाउँपालिका कार्यालयमा ज्ञापन पत्र बुझाउने तथा आफुहरुले अघि सारेको जायज मागहरु उपर तत्काल सम्बोधनको पहल न भए बैठक वसी आन्दोलनका थप सशक्त आन्दोलनका कार्यक्रमहरु घोषणा गरिने चेतावनी दिए।

# ओकरा सँ बड्का नटवरलाल केओ छैहै नहि....

हिमांशु चौधरी

जत स हमरा बेसी अपेक्षा रहए ओइजन हमरा ठइग लेलक, हमर अप्पन खटलहा पैसा नहि लेलक ......।

संगीत साधक गुरुदेव कामतको भाइरल भइरहेको भिडियोको एउटा अंश हो। जसमा कामतको सांगीतिक यात्राका व्यथा , कटु सत्य सन्निहित छ। मृगौला सम्बन्धी रोगले आक्रान्त , उपचारका लागि आर्थिक संकट , छटपटीको क्रन्दन हो यो क्लीप।




साधक कामतलाई स्वाभिमानी, सरल , सभ्य , अर्थपूर्ण , गम्भीर एवं सन्देशमूलक गायक रुपमा मैले चिनेको छु। त्यो धरती जहाँबाट आफ्नो संगीतको उत्कण्ठालाई साकार पार्न प्रयास गरे , त्यसको साक्षी म पनि रहेको छु । कामतको सांगीतिक आकांक्षालाई शास्त्रीय पद्धतिअनुसार संजीवनी दिने सांगीतिक गुरु नथुनी मिझार ( मुरलीधरका बुबां ) को शिष्य म पनि भएकाले कामतको आरोह अवरोहलाई नजिकबाट नियाँलेको छु । अलंकार ,आलाप , वादी , संवादी स्वरहरुका साथै गायनका हर्कत ,ताल तराना , बोल बन्दिसका ज्ञान र अभ्यास र उत्सव , रामलीला , थिएटरमै भविष्यको रेखा कोरि रहेका बखत गायक एवं संगीतकार भरत लामाले कामतलाई काठमाण्डु ल्याइ आफ्नै डेरामा राखी प्रतियोगितामा सहभागिता र रोजगारीको चाँजोपाँजो मिलाएको दिनको पनि म साक्षी छु।

रेडियो नेपालको बार्षिकोत्सवका अवसरमा कामतले भरत लामाकै रचना प्रस्तुत गरी आधुनिक गीत गायनतर्फ दोस्रो र शास्त्रीय गीत गायनतर्फ प्रथम भइ इतिहास कायम गरेको क्षणमा स्वागत अभिनन्दन गरेको दिन स्मृतिका पानामा अंकित छ।

यो बडप्पनका लागि होइन , तराई मधेशका प्रतिभाले भोग्नु परेको उपेक्षाको सन्दर्भ सबैले जानुन भन्ने ध्येय मात्र हो। यस्तोमा पनि कामतको मन मस्तिष्कमा संगीतको सप्तस्वर नै गुन्जि रहयो , यसका लागि विभिन्न उत्सव , विवाह , व्रतबन्ध , सरस्वतीपूजा , स्कूलको वार्षिकोत्सव ,होटलमा गायन र स्वयमु गुरुकुलको स्थापना गरी संगीतको अग्रगामी छलांग लगाएको र यसको पृष्ठभूमिमा कामत गायनसँगै नाचेका , प्रहसन पनि गरेका थिए। कामत रामलीला , कृष्णचरित्र , सलहेस नटु नाच , झिझिया आदिमा भूमिका पनि निर्वाह गरे। नारीको परिधानमा नृत्यसम्मको यात्रा पनि उनको कलायात्रामा जोडिएको छ।

हुन त गुरु नथुनी मिझार गुरुदेव कामत स्वर पकडमा गम्भीर नहुँदा बेसुरा हुने चिन्ता व्यक्त गर्थे तर अभ्यासले तारसप्तक सबै स्वरहरुमा आफ्ना गला, मुर्की दिन सक्ने क्षमता प्रदर्शन गरी गुरुवरलाई चिन्ताबाट मुक्त गरेका थिए।

साधकहरु आत्मज्योतिका सहायताले अतीव सूक्ष्मदर्शी बन्छन अनि अन्तरमा इन्द्रिवृत्ति समूहको उत्पति , स्थिति र परिवर्तनका अतीव सूक्ष्म कारण समूहलाई प्रत्यक्ष गर्छन। त्यसपछि उनीहरुलाई द्रष्टा स्वरुपमा अवस्थान गर्छन। त्यसमा पनि शास्त्रीय संगीतका साधकका लागि सुर तालको ज्ञान र श्रोताको ह्दयलाई नियन्त्रण गर्न सक्ने अभिव्यञ्जनका साथ धेर्य र आँटको यात्रा सहज हुँदैन। संगीत साधना देखि ,गीत सिर्जना , संगीत तयार गर्न सक्ने सामर्थ्य र सीपको यात्रामा साधकको संघर्ष , अभ्यास , आर्थिक अवस्था र मनोदशाको गाथा कल्पनाभन्दा बाहिरको कुरा हुन्छ।

गोरटोमा सफलता र असफलताका आरोह अवरोहमाझ स्थापित हुनु आफैमा दुरुह र वेदनामय दिनहरुको एक-एक पलको अध्याय हुन्। कलामा तुलना हुँदैन , हर कलाले अर्कोलाई कम्प्लिमेन्ट गर्छ, अनुपूरण गर्छ। विलक्षण संगीत उपासकको श्रेयको परिदृश्यमा कष्टको कहर साधकको दिनचर्या बनेकोप्रति मानवीय संवेग देखा नपर्नु चिन्तनीय विषय हो।

यो सत्य बडो क्रूर छ। यसलाई आरोप , उपेक्षा , निष्ठुरको विषय बन्न दिनु हुँदैन। नियत पवित्र हुनुपर्छ। सदाशयता हुनुपर्छ । उनका सांगीतिक स्वरले मानवीय संवेदना ,जीवन दर्शन पोखिरहेको छ तर, उनी स्वयम् आर्थिक संकटमा परी मृगौला प्रत्यारोपणका लागि हार गुहार , याचना गर्दै त्यसकै अभावमा मृत्युवरण गर्न पुगेका छन्।

कामतको अर्थपूर्ण गायन ठूलो सम्पति हो । कामत संगीत क्षेत्रको सम्मानित नाम , गायक , संगीतकार तथा संगीत गुरु हुन् । शास्त्रीय संगीतमा उच्च नाम बनाएका एउटा सर्जक बेसहारा भए दुर्भाग्य , विडम्बना हो।। शास्त्रीय संगीतमा जीवन समर्पित गरेका साधकलाई बेसहारा बनाउनु हुँदैन्थ्यो । उपचारमा सहयोगका लागि संघदेखि प्रदेश सरकारको ध्यान जानु पर्ने थियो। तर कामत इहलीला समाप्त पछि मधेश प्रज्ञा प्रतिष्ठानद्वारा ठगिएको भिडियो क्लीपले यत्रतत्र तरंग उत्पन्न गरेको छ।

क्लीपमा उठाइएका मधेश प्रज्ञा प्रतिष्ठानका अध्यक्ष राभभरोस कापडिले संवादमार्फत तय गरेको पारिश्रमिक र पारिश्रमिकले उपचार खर्चमा सघाउ पुग्नेदेखि नयाँ जीवन पाउने अभिलाषामा बज्रपात र ठगिएको चित्कार छ।

संयोग नै भन्नु पर्ला प्रतिष्ठानले ओयोजना गरेको त्यो कार्यक्रमको उद्घोषण गर्ने अवसर मैलै नै पाएको थिएँ। पुरानो चिनजान र सांगीतिक संगत गरेको कारण उनीसँग सांगीतिक पारिवारिक सदस्यझै कुराकानी हुन्थ्यो र त्यो दिन पनि कुराकानी हुँदा अध्यक्ष कापडि धैरै दिनदेखि प्रयासरत रहेकाले उनको इच्छा पूरा हुन गइरहेकोमा खुशी व्यक्त गरेका थिए , साधक कामतले जनकपुरधाममा कार्यक्रम गर्न पाएकोमा आफ्नो सांगीतिक जीवन नै सार्थक र धन्य भएको बताएका थिए।

कुराकानीका क्रममा सांगीतिक टिम नआएको जिज्ञासामा अध्यक्ष कापडिले कार्यक्रम बापत एक लाख दिने भनेकाले आफू तवलावादकलाई मात्र लिएर आएको बताए । अहिले प्रतिष्ठानका अध्यक्ष कापडिले गुरुदेव कामतसँग त्यस्तो कुनै कुराकानी , सहमति नभएको बुँदा राख्दै कामतको भनाइलाई असत्य साबित गर्न खोजेका छन्।

प्रश्न असंख्य उत्पन्न हुन्छ , के गायक गुरुदेव कामत एकल प्रस्तुतिका भोका थिए ?कामतलाई नाम चाहिएको थियो ? कार्यक्रमको आयोजना गर्ने संस्थाले बिना स्वीकृत कार्यक्रमको आयोजना गरे ? त्यो कार्यक्रमका नाममा भएको अन्य खर्चको भुक्तानी भयो कि भएन ? आदि..... आदि।

यो सबाल कामत र कापडिको मानमर्दनका लागि होइन , यो सबाल प्रतिष्ठानको अपराधसँग सम्त्रन्धित छ , बिमार सर्जकलाई चार घण्टासम्म कार्यक्रम प्रस्तुत गर्न लगाउने तर पारिश्रमिक दिने सबालमा सर्जकमाथि नै भ्रम , आशंका उत्पन्न गराउने संस्थाद्वारा जारी विज्ञप्ति मानवीय संवेदना शून्यको बोधक मात्र रहेको छ। अतः क्लीपको अन्त्यमा गुरुदेव कामतले भनेका " ओकरा सँ बडका नटबरलाल केओ छैहे नहि ,ई संस्थाके सेहो खतम क दैत " वाक्यांशको पीडा , चिन्ताप्रति प्रदेश सरकारले ध्यान दिइ कारवाही प्रक्रियातर्फ उन्मुख भएमा मात्र उनको क्रन्दन ,आवेगको शमन र सच्चा श्रद्धाञ्जली हुनेछ।

# अग्रवाललाई थप तीन दिन थुनामा राख्न आदेश

टुडे समाचारदाता

वीरगञ्ज । दोहोरो नागरिकताको आरोपमा पक्राउ परेका निरञ्जन अग्रवाललाई थप तीन दिन थुनामा राख्न आदेश दिएको छ।

पर्सा जिल्ला अदालतले आरोपित अग्रवाललाई थुनामा राख्न आदेश दिएको छ। दोहोरो नागरिकता सम्बन्धी मुद्दाको अनुसन्धानका लागि पर्सा प्रहरीलाई पुनः तीन दिनको म्याद थप गरिएको छ।

अनुसन्धान नसकिएको भन्दै पर्सा प्रहरीले म्याद थपको अनुमति माग गरेपछि दोस्रो पटक जिल्ला अदालतले म्याद थप गरेको छ।

झुठो विवरण पेश गरी नागरिकता लिएको तथा सवारी चालक अनुमति पत्र किर्ते प्रकरणमा अग्रवालमाथि पर्सा प्रहरीले पक्राउ गरी अनुसन्धान अगाडि बढाएको छ।



उनले लिएको सवारी चालक अनुमति पत्र र नेपाली नागरिकता किर्ते कागजको आडमा लिएको भन्दै जिल्ला सरकारी न्यायाधिवक्ताको कार्यालयमा उजुरी परेको थियो । वीरगञ्ज महानगरपालिका वडा नम्बर २५ का नरेश ठाकुरले निरञ्जन कुमार अग्रवालले किर्ते गरी झुठो प्रमाणको आधारमा नेपाली नागरिकता लिएको आरोप लगाउँदै उजुरी दर्ता गरेका थिए।

सरकारी वकिल कार्यालयमार्फत पर्सा प्रहरीमा दर्ता गराइएको उजुरीमा अग्रवालले नागरिकता लिएको विवरण तथा त्यस अगाडि उनले नारायणी यातायात कार्यालयबाट लिएको सवारी चालक अनुमति पत्र फरक रहेको उल्लेख गरिएको छ।

ठाकुरले सुरुमा जिल्ला प्रहरी कार्यालय पर्सामा किर्ते गरेको उजुरी दर्ता गराउन जाँदा जिल्ला प्रहरी कार्यालय पर्साले त्यतिबेला मुद्दा दर्ता नगरेपछि सरकारी वकिल कार्यालय पर्साको पत्र अनुसार २०७६/११/२६ मा मुद्दा दर्ता गराएका थिए।

# पप्पु कन्स्ट्रक्सनको मुद्दामा विशेषको फैसलाविरुद्ध सर्वोच्चमा पुनरावेदन

टुडे समाचारदाता

काठमाण्डु । पप्पु कन्स्ट्रक्सनको मुद्दामा विशेष अदालतको फैसलाविरुद्ध सर्वोच्च अदालतमा पुनरावेदन मुद्दा दर्ता भएको छ।

विशेष अदालतले गरेको फैसलामा चित्त नबुझेको भन्दै पुनरावेदन गरिएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रवक्ता नरहरि घिमिरेले जनाएका छन्।

उनले जनाए अनुसार सार्वजनिक सम्पत्ति हानिनोक्सानी गरी भ्रष्टाचार गरेको मुद्दाका प्रतिवादी सुमित रौनियारसमेतलाई १ करोड १४ लाख ७६ हजार रुपैयाँ बिगो बमोजिमको जरिवाना हुने फैसला गरेको थियो।

तर अन्य प्रतिवादीहरू नारायणबहादुर थापा, वेलबहादुर




नेपाली, गिरीप्रसाद श्रेष्ठ, श्यामबहादुर खत्रीको हकमा दाबी नपुग्ने भन्दै सफाइ दिएको छ।

सो फैसलाविरुद्ध आयोग सर्वोच्च अदालतमा पुनरावेदन दर्ता गराएको छ।

त्यस्तै निर्माण कर्ता जेडआइइसी-पप्पु जेभीले कानून बमोजिम राख्नु पर्ने बिगो १ करोड १४ लाख ७६ हजार जफत नगरेको आयोगले जनाएको छ।

उनीहरूलाई हदैसम्मको कारबाहीको माग दाबी आयोगले गरेको छ।

# 'राजनीतिक स्थिरताका लागि कांग्रेस-एमालेको गठबन्धन'




टुडे समाचारदाता

बर्दिबास। नेपाली कांग्रेसका संसदीय दलका प्रमुख सचेतक श्यामकुमार घिमिरेले कांग्रेस र एमालेको गठबन्धन राजनीतिक स्थिरताका लागि भएको बताएका छन्।

महोत्तरीको बर्दिवासमा आइतबार नेपाल प्रेस युनियनले आयोजना गरेको पत्रकार सम्मेलनमा उनले मुलुकलाई राजनीतिक स्थिरता दिन संसद्का दुई ठूला दल सहभागी भइ सरकार गठन भएको बताए।

सामान्यतया बहुदलीय पद्धतिमा संसदको सबैभन्दा ठूलो दल र दोस्रो ठूलो दलहरु सरकारमा र प्रतिपक्षी भूमिकामा हुने अभ्यास भए पनि विशिष्ट जिम्मेवारी निर्वाहका लागि अहिलेको सरकार बनेको उनले स्पष्ट पारे।

प्रमुख सचेतक घिमिरेले भने, "बहुदलीय पद्धतिमा झट्ट हेर्दा, बुझ्दा नौलो जस्तो त लाग्न सक्छ", उनले भने, "तर संसदमा कुनै दलको स्पष्ट बहुमत नरहेको अहिलेको संसदमा पटक-पटक गठबन्धन बन्ने र भत्कने क्रमले राजनीतिक स्थिरतामै प्रश्न उभिएपछि दुई मुख्य ठूला दलले संयुक्त सरकार बनाएका हुन्।"

अहिलेको सरकारको मुख्य कुरा नै आमजनतामा राजनीतिक स्थिरताको अनुभूति दिनु रहेको उनले बताए।

वर्तमान सरकार बनेपछि मुलुकमा अब राजनीतिक स्थिरता बन्छ भन्ने सन्देश प्रवाह भएपछि आर्थिक गतिविधि सुधारात्मक दिशामा अघि बढेको उहाँले उल्लेख गर्नुभयो

उनले राजनीतिक दलहरुबीचको संवाद र सहमतिले संविधान संशोधन हुनसक्ने बताए। उनले भने, "संविधान कुनैग्रन्थ वा कथा होइन, योत मुलुकलाई निर्देशित गरिरहने गतिशील दस्तावेज हो, त्यसैले आवश्यकताअनुसार संशोधन गर्न सकिन्छ।"

संविधान संशोधन गणतन्त्रात्मक लोकतान्त्रिक व्यवस्थालाई अझ बलियो र समय सापेक्ष बनाउन गरिने उनले बताए।

उनले भने, "विश्वका प्रजातान्त्रिक मुलुकहरुले सयौं पटक संविधान संशोधन गरिसकेका छन् । हामीले पनि यसअघि यसै संविधानमा दुईपटक संशोधन भइसकेको छ।"

# ट्रैक्टर दुर्घटनाः एकको मृत्यु, चार घाइते

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको मलंगवा नगरपालिका-१२ स्थित गमहरियामा आइतबार बोलबमका तीर्थालु सवार ट्रैक्टर नहरमा खस्दा एक जनाको मृत्यु भएको छ।

मृतक ४५ वर्षीय पतही देवीका छोरीसहित चार जना घाइते भएको सर्लाही प्रहरीले जनाएको छ। दुर्घटनामा गम्भीर घाइते चक्रघट्टा गाउँपालिका-५ स्थित पडरियाका जोगिन्द्र मण्डलकी श्रीमती ४५ वर्षीया पतही देवीको उपचारको क्रममा वीरगञ्जमा उपचारको क्रममा आइतबार दिउँसो मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सर्लाहीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक दीपक श्रेष्ठले बताए।

दुर्घटनामा पतही देवीकी छोरी ११ वर्षीया अंशु कुमारीसहित चक्रघट्टा गाउँपालिका-५ स्थित पडरियाकी २६ वर्षीया शान्ति देवी, उनकी छोरी ९ वर्षीया सुस्मिता कुमारी र ४० वर्षीया गीता देवी घाइते भएकी छन्। चारै जना घाइतेको प्रादेशिक अस्पताल मलंगवामा उपचार भइरहेको उनले बताए।



भारतको मढियास्थित मन्दिरमा जल चढाएर फर्किएका तीर्थालु बोकेर चक्रघट्टा गाउँपालिका-५ स्थित पडरियातर्फ आउँदै गरेको ज २ त ३२७ नम्बरको ट्रैक्टर आइतबार बिहान ११ बजेतिर गम्हरिया छेउको नहरमा खसेर दुर्घटना भएको थियो। चालकले ट्रैक्टर अनियन्त्रित भएपछि नहरमा खसेको उनले बताए।

ट्रैक्टरमा २५ जना तीर्थालु सवार रहेकोमा अन्य सकुशल रहेका छन् । दुर्घटनापछि फरार रहेका ट्रैक्टर चालकको खोजी भइरहेको सर्लाही प्रहरीले जनाएको छ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८